# धर्मकीर्ति

# THE DHARMAKIRTI

**A BUDDHIST MONTHLY**

समाचार अङ्क

जेष्ठ पूर्णिमा



संघनायक भिक्षु अनिरु[illegible]बाट समुद्घाटन भएको म्याग्दी बिना[illegible]निर्मित [illegible]य ।

DHARMAKIRTI

वर्ष- १८ अङ्क- २ वार्षिक रु. ६०/- मूल्य रु. ५/-

Downloaded from http://www.dhamma.digital

# सम्पादकिय

## वैशाख पूर्णिमा महोत्सव र उपलब्धी

प्रत्येक वर्ष वैशाख पूर्णिमाको उपलक्षमा उत्सव मनाउने चलन चल्दै आएको छ। यस दिनलाई सिद्धार्थ गौतमको जन्म भएको दिन, उहाँले बुद्धत्त्व प्राप्त गर्नु भएको दिन, अर्थात् बुद्ध हुनु भएको दिन र बुद्ध परिनिर्वाण (देहावसान) हुनु भएको दिनको रुपमा विशेष महत्त्व दिने गरिन्छ। तसर्थ बुद्धप्रति श्रद्धा र आस्था भएका असंख्य श्रद्धालुहरू भेला भई विभिन्न कार्यक्रमहरू बनाई वैशाख पूर्णिमा महोत्सव भव्य रुपमा मनाइने गरिन्छ।

अब यस महोत्सव मनाएर के कस्ता उपलब्धीहरू हुन्छन् त भन्ने विषयमा पनि एक पटक विचार गरौं।

१. सबभन्दा पहिले त हामीले नेपालको भूमी लुम्बिनीमा नै बुद्ध जन्मनु भएको हो भन्ने कुरालाई प्रचार गर्न पाउँछौं। किनभने हाल सम्म पनि कतिपय नेपालीहरूलाई बुद्ध जन्मनु भएको भूमी लुम्बिनी आफ्नो देश नेपाल भित्र नै पर्छ भन्ने कुरो पनि थाहा रहेनछ।

२. यस महोत्सव भरि बुद्ध र बुद्ध शिक्षाको बिषयमा विशेष चर्चा हुने भएकोले यो महोत्सब बुद्ध धर्म प्रचारको माध्यम बनेको छ।

३. बौद्ध संगठन बलियो बनाउनका लागि माध्यम बनेको छ।

४. गुरुङ्ग, थारु, मगरहरू बिच बौद्ध जागरणको लागि राम्रो अवसर मिलेको छ।

५. बुद्ध शिक्षा नैतिकता र आचरणले भरिएको छ भन्ने विषयमा प्रचार गर्न माध्यम बनेको छ।

६. रक्तदान र नेत्रदान जस्ता रचनात्मक कार्यहरूको अभियान चलाउनका लागि ठूलो मद्दत पुगेको छ।

७. वैशाख पूर्णिमाको दिन छुट्टि मनाएर दान प्रदान, गरी आफुमा त्याग भावना र आध्यात्मिक उन्नति जगाई सदाचार जीवन बिताउनका लागि प्रोत्साहन मिलेको छ।

८. विभिन्न साम्प्रदायिक समुदायहरू बिच रहेर पनि एक आपसमा सहिष्णुता र समन्वय कायम गर्न मद्दत पुगेको छ।

९. बुद्ध यथावादी तथाकारी अर्थात् उहाँ जसरी बोल्नु हुन्छ, त्यही अनुरूप काम गर्ने ब्यक्ति हुनुहुन्छ भन्ने विषयको पनि जनमानसमा जानकारी गराउन पाउने छ।

१०. सार्वजनीक सभाहरूमा प्रमुख अतिथीको रुपमा आमन्त्रण गरिने महानुभावहरू प्रधान मन्त्री लगायत अन्य मन्त्रीज्यूहरूको समक्ष बुद्ध शिक्षा, बुद्ध जीवनी, आदि विषयमा प्रवचन हुने हुँदा उहाँहरूले पनि बुद्ध शिक्षाको व्यवहारिकता र यसलाई व्यवहारमा उतार्न सकेमात्र मानसिक शान्ति प्राप्त गर्न सकिने विषयमा प्रचार प्रसार हुनेछ।

११. मानसिक शान्ति प्राप्त गर्नको लागि कुरा भन्दा पनि काम गर्न आवश्यक भएको विषयमा पनि प्रचार हुनेछ।

१२. यसपाली २५४४ औं बुद्ध पूर्णिमाको उपलक्षमा बुद्ध धर्म सम्वन्धि १० वटा विशेषांकहरू प्रकाशित भएका छन्। यिनीहरू मध्ये विशेष स्मरणिय त्रिभुवन विश्व विद्यालयबाट प्रकाशित "त्रिबोधी" नाम गरेको पत्रिकालाई लिन सकिन्छ। यद्यपि यसमा छपाई सम्बन्धी गल्तीहरू देखिन्छन्। अर्को विशेषाङ्क ल.पु. सुनागुठीबाट प्रकाशित "शान्ति ज्योति" पत्रिका हो।

### विषय-सूचि


१) [illegible] जातक ✍ प्रकाश वज्राचार्य

२) धम्मपद - १२९ ✍ रीना तुलाधर

३) संयुक्त निकाय-१७ - [illegible] ४

४) धर्मकीर्ति विहार - गतिविधि ५

५) धर्म प्रचार-समाचार १[illegible]


Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

**A Buddhist Monthly**

**JUNE, 2000**

| वर्ष- १८ | अङ्क- २ | ज्यापुन्ही | पूर्णिमा २०५७ |
|---|---|---|---|




★ सर्व प्रथम आफूलाई उचित मार्गमा लगाउनु, अनि पछि मात्रै अरुलाई उपदेश गर्नु, यसो गर्नाले त्यस पण्डितको क्लेश हुने छैन ।

★★★

★ अरुलाई अनुशासन गर्नुछ भने पहिले आफै त्यस्तो बनी दिनु राम्रो हुन्छ । आफूलाई अनुशासित गर्नु पर्दछ । आफुलाई दमन गर्नु नै ज्यादै गाह्रो कार्य हो ।

★★★

★ आफ्नो भरोसा आफै हो, आफ्नो मालिक अरु को हुन सक्ला ? आफूलाई राम्रो संग तह लगाउन सक्यो भने दुर्लभ स्वामित्व प्राप्ति हुन्छ ।

★★★

प्रमुख व्यवस्थापक
**विद्यासागर रञ्जित**
फोन : २५८९५५

व्यवस्थापकहरू
**चिनीकाजी महर्जन**
फोन : २५३१८२
**ज्ञानेन्द्र महर्जन**
फोन : २७६९०८

सह-व्यवस्थापक
**ध्रुवरत्न स्थापित**

सम्पादक
**भिक्षुणी वीर्यवती**
फोन : २५९४६६

प्रधान सम्पादक
**भिक्षु अश्वघोष महास्थविर**
फोन : २५५९६०, २५९११०

प्रकाशक र विशेष सल्लाहकार
**भिक्षुणी धम्मवती**
फोन : २५९४६६

कार्यालय
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघः नघः टोल
पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन : २५९४६६

बुद्धसम्वत् २५४४
नेपालसम्वत् ११२०
इस्वीसम्वत् २०००
बिक्रमसम्वत् २०५७

विशेष सदस्य रु. १०००/- वा सो भन्दा बढी
वार्षिक रु. ६०/-
यस अङ्कको रु. ५/-

Downloaded from http://www.dhamma.digital

# खरादिय जातक

✍ प्रकाश बज्राचार्य

टाढैबाट आइराख्ने आफ्नी बहिनीलाई त्यो मृगले देख्यो । धेरै दिनपछि आएकी आफ्नी बहिनीलाई देखेर हर्षित भयो । हतार हतार पाइला चाली बहिनी मृगणीलाई स्वागत गर्न मृग अगाडि बढ्यो ।

"आऊ, बहिनी ! धेरै दिनपछि यहाँ आइछौ ।" मृगले टिप्पणी गऱ्यो ।

"दाईदाई एउटा कुरो भनौं भनेर आएकी ।" मृगणीले भनी ।

"भन न के हो ! दाई हुँ, सकेजति त गरिहाल्छु नि ।"

"कुरो अरू होइन । तपाईको भाञ्जा धेरै खराब र अट्टेरी छ । मूर्ख पनि त्यतिकै छ । कसैले भनेको मान्ने होइन । अब त जवान पनि भैसक्यो ।" बहिनीले भनी ।

"अनि !"

"अब उसलाई हाम्रो मृगमाया सिकाउनु पऱ्यो । मृगहरूको जिउने कला बताइदिनु पऱ्यो । शिकारीहरूको चाल बुझ्ने बनाइदिनु पऱ्यो । जालबाट फुत्कने उपायहरू सिकाइदिनु पऱ्यो । त्यसैले दाईकहाँ आएको ।"

"हुन्छ त । म सिकाइदिन्छु नि भाञ्जालाई मृगमाया । तिमीलाई थाहा छँदैछ कि म कति व्यस्त रहन्छु भनेर । तैपनि भाञ्जाको लागि बिहान केही समय निकालुँला नि । आजै भाञ्जालाई किन नल्याएको त संगै ?" मृगले सोध्यो ।

"आऊ भनेको त हो नि । तर टेर्दै टेर्दैन मैले भनेको हो ।" मुख बांगो पारी मृगणीले भनी ।

"ठीक छ । भोलिदेखि बिहान मकहाँ पठाई देऊ । म उसलाई चाहिने विद्या सिकाइदिन्छु ।"

"हुन्छ त ।" भन्दै बहिनी मृगणीले आफ्नो बाटो तताई ।

अर्को दिन । भाञ्जा आएन ।

दोस्रो दिन । मृग कुरीराखे तर भाञ्जा आएन । तेस्रो दिन- भाञ्जा त्यो दिन पनि देखा परेन । चौथो दिन-मृग कुरेको कुरै गरे व्यर्थै । पाँचौं दिन-त्यो दिन पनि सितै गयो । छैठौं दिन-अट्टेरी भाञ्जा त्यो दिन पनि आइपुगेन । सातौं दिन - भाञ्जा मृग मृगमाया सिक्न आएन ।

आठौं दिन । भाञ्जा आउला कि भनेर कुरेर बसिराख्ने मृगले टाढैबाट आफ्नी बहिनीलाई आइराखेको देख्यो । बहिनी रोएर आइराखेकी रहिछ । सोध्यो मृगले, "किन रोएकी ?"

"दाई ! बित्यास पाऱ्यो । तपाइँको भाञ्जा हिजो बेलुका एक निष्ठुर शिकारीको जालमा फस्यो । हिजै उसलाई टुक्रा टुक्रा गरी शिकारीले मारेर लगिसक्यो । अब के गरौं ? के भनौं ?" बहिनी रोई ।

एक लामो सुस्केरा हाली मृगले भन्यो- "के भन्ने अब ! सात दिनसम्म त ऊ मकहाँ मृगमाया सिक्न पनि आएन । अट्टेरी भएपछि यस्तै हुन्छ बहिनी । उसको बुद्धि नै यस्तो रहेछ त रोएर के गर्ने ? जो अट्टेरी छ, ऊ मूर्ख हो । उसले आफूलाई पनि हानी गर्छ, अरूको पनि । त्यसैले शोक नगर । आऊ एकैछिन यहीं बस ।"

मृगणी बिस्तारै दाईको नजिकै बस्न गई ।

यो जातक बुद्धले एक अट्टेरी भिक्षुको कारणले बताउनु भएको थियो । यसमा दाई मृग हुने बोधिसत्व थिए । ■

**सूचना**

*पूज्य धम्मवती गुरुमांको ६६ औं शुभ जन्मोत्सवको उपलक्षमा पूज्य भिक्षु महासंघको तर्फबाट बुद्धोपदेशित अभिधर्म देशनाका ७ वटा ग्रन्थहरु साप्ताहिक रूपमा पाठ गर्नुहुने भएको छ । उक्त अमूल्य पाठ श्रवण गर्न आउन हुन श्रद्धालु महानुभावहरूलाई विनम्र अनुरोध गरिएको छ ।*

*मिति - २०५७ आषाढ २८ - श्रावण ३ सम्म*

*समय - विहान ७-९ सम्म*

*आयोजक र स्थान - धर्मकीर्ति विहार श्रीघः नःघः ।*

*कार्यक्रमः*

| मिति | उपदेश पाठ |
|---|---|
| आषाढ २८ | धम्मसंगनी |
| आषाढ २९ | विभंग |
| आषाढ ३० | कथावत्थु |
| आषाढ ३१ | पुग्गल पञ्ञति |
| श्रावण १ | धातुकथा |
| श्रावण २ | यमक |
| श्रावण ३ | पट्ठान |

**धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू**

क्र.सं. ३२३

**कृष्ण माया डंगोल**
वंटु, काठमाडौं
रु. १००५/-

क्र.सं. ३२४

**तिर्थ तारा तुलाधार**
कालिकास्थान, काठमाडौं
रु. १०००/-



Downloaded from http://www.dhamma.digital

# धम्मपद-१२९

✍ रीना तुलाधर
"परियत्ति सद्धम्म कोविद"

**"अत्तानं चे तथा कयिरा-यथञ्ञ मनुसासति**
**सुदन्तो वत दम्मेथ-अत्ता हि किर दुद्दमो"**

अर्थ- जुन अरुलाई उपदेश गर्ने हो, त्यो पहिले आफूले पालन गर्न सक्नु पर्छ, आफूले आफूलाई दमन गर्न सके मात्र अरुलाई पनि दमन गर्न सकिन्छ। परन्तु आफूलाई दमन गर्न अत्यन्त गाह्रो छ।

घटना- उपरोक्त गाथा भगवान बुद्धले जेतवन महाविहारमा बास गरीरहनु भएको बेला पधानतिस्स स्थविरको कारणमा आज्ञा हुनु भएको थियो।

पधानतिस्स स्थविर भगवान बुद्धसँग ध्यान भावनाको कर्मस्थान सिकी थुप्रै भिक्षुहरूलाई साथमा लिएर त्यो वर्षको वर्षावास जंगलमा बस्ने छौं भनेर जंगलमा गएर वर्षावास गर्न गए। जंगलमा उसले अरु भिक्षुहरूलाई यसरी उपदेश दिए- "हामीले भगवान बुद्धकहाँबाट कर्मस्थान भावना सिकेर आएका हौं। अत: अलिकति पनि अल्सि नमानेर अप्रमादी भएर श्रमण धर्म पालना गर।" उसले अरुलाई यसरी उपदेश दिन्थ्यो तर आफू भने सुरुक्क कोठामा गएर सुत्न जान्थ्यो। अरु भिक्षुहरूले लगातार ध्यान भावना र चंक्रमण गरी सकेपछि रातको प्रथम पहर बितेपछि मध्यम पहरतिर सुत्न भनी विहार भित्र पसेर कोठामा जान्थ्यो। त्यतिञ्जेल पधानतिस्स स्थविर निन्द्राबाट बिउँभेर उठेर आएर भिक्षुहरूलाई यसरी भन्थ्यो- "के तिमीहरू यहाँ सुत्नलाई भनेर आएका हौ? ल छिटो विहारबाट बाहिर गएर ध्यान भावना गर।" ती भिक्षुहरू आफ्ना आचार्यको पालना गरी रातको मध्यम याममा पनि विहारबाट बाहिर गएर चंक्रमण गर्न जान्थ्यो। त्यो स्थविर आफू भने फेरि गएर सुत्न जान्थ्यो। ती भिक्षुहरू चंक्रमण गर्दै रातको मध्यम पहर पनि बितीसकेपछि अब सुत्नु पऱ्यो भनी विहारभित्र पस्न लाग्दा स्थविर फेरि उठेर आएर यहाँ हामी सुत्नलाई आएका होइनौ लगातार श्रमण धर्म पालना गर जाउ भनी फेरि बाहिर पठाइदिन्थ्यो।

दिनहुँ यसरी गर्न थालेपछि ती भिक्षुहरूले अलिकति पनि आराम पाएनन्। निन्द्रा नपुगेको कारणले उनीहरूको शरीर कमजोर भएर ध्यान भावना गर्न सकेनन् मन एकाग्र गर्न सकेनन्। पाठ पनि गर्न सकेनन् उनीहरूले। एकदिन उनीहरूले आफ्ना आचार्य साँच्चै नै यस्तो कठोर परिश्रम गर्ने हुन् त भनेर जाँच्नु पऱ्यो भनी जाशूसी गरे। जब उनीहरूलाई पत्ता लाग्यो पधानतिस्स स्थविर अरुलाई भने अर्ति र उपदेश दिइरहने आफू भने मस्तले सुतीरहने भनेर। तब उनीहरूले भने- "अहो! हाम्रो त विनाश भयो। हाम्रा आचार्य त खोक्रो ढाँक लगाउने, अरुलाई मात्र उपदेश दिने आफू भने बेकारमा बस्ने पो रहेछ।" त्यतिञ्जेल ती भिक्षुहरूले निन्द्रा नपुगेको र थकाइको कारणले ध्यान भावनामा कुनै प्रगति गर्न सकेनन्।

वर्षावास सकिएपछि ती भिक्षुहरू भगवान बुद्धकहाँ भेट्न गएर वन्दना गरी आवश्यक कुशल वार्ता गरीसकेपछि भगवान बुद्धले उनीहरूसँग सोध्नु भयो "के छ त भिक्षुहरू! तिमीहरूले अप्रमादी भएर राम्रोसँग श्रमण धर्म पालना गरेर आयौ?"

ती भिक्षुहरूले आफूहरूलाई भएको वृतान्त कुरा सुनाए। भगवान बुद्धले भन्नुभयो- "भिक्षुहरू! यदि कोही व्यक्तिले अरुलाई उपदेश दिनु छ भने, उसले पहिले आफूलाई दमन गर्नु पर्छ किनभने आफैलाई दमन गरीसकेकाले नै अरुलाई पनि राम्ररी दमन गर्न सक्छन्।"

यसरी उपदेश दिएर भगवान बुद्धले उपरोक्त गाथा भन्नु भयो। ■

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया सुचं**
**वि.सं. २०५७ असार १० गते शनीबार "प्रव्रज्या दिवस" हनेगु ज्याझ्वः ज्वीगु दु। उगु ज्याझ्वःले ब्वति कायत गोष्ठीया सकल दुजःपिन्त इलय् हे नां दुतिनेत इनाप यानाच्वना।**

**थाय् - ध्यानकुटी विहार, बनेपा।**
**बनेगु दिं - २०५७ असार ९ गते।**
**ई - न्हिनसिया ३:३० बजे**

**विशेषाङ्क पत्रिकाहरू**

२५४४ औं बुद्ध पूर्णिमाको उपलक्षमा विभिन्न संघ संस्थाहरू तथा विहारहरूको तर्फबाट विभिन्न विशेषाङ्क पत्रिकाहरू प्रकाशन भएका छन्। जुन यसरी उल्लेखित छन् -

(१) "*आनन्द भूमि*" आनन्दकुटी विहार।
(२) "*धर्मकीर्ति*" धर्मकीर्ति विहार।
(३) "*अ.ने.भि. महासंघको बुलेटिन*"।
(४) *विश्व शान्ति।*
(५) "*शान्ति ज्योति*" सुनागुठी।
(६) "*संघाराम*" संघाराम विहार।
(७) "*चारुमति-भ्वाइस*" चारुमति बुद्धिष्ट मिशन।
(८) "*धर्मचक्र*" बौद्ध महिला संघ, बुद्ध विहार।
(९) "*सन्ध्या टाइम्स*" न्हिपौ।



Downloaded from http://www.dhamma.digital

# संयुक्त निकाय १९

- भिक्षु ज. काश्यप
- भिक्षु धर्मरक्षित
- अनु. वीर्यवती

**[७.नन्द सुत्त (२.३.७) समय विति राखेको छ ।]**

अलग्ग एक स्थानमा उभिएर नन्द देवपुत्रले भगवान् बुद्ध समक्ष यो गाथा प्रस्तुत गरे-

समयले लगिराखेको छ, समय बितिरहेको छ, रातले (मानिसलाई) लगिराखेको छ, वयोगुण (सिद्धिरहेको आयु) क्रमैसँग छोडेर गइरहेको छ, मृत्यु हुनुपर्ने यस्तो भय देखेर सुख हुने पुण्य गर्न सिक ।

समय वितिराखेको छ, रात विति रहेको छ,
जिन्दगीको जमाना एक पछि अर्को गइरहेकोछ,
मृत्युको यस भयलाई देखेर,
शान्ति चाहने मानिसले सांसारिक विलासितालाई त्याग ।

**[८.नन्दि विसाल सुत्त (२.३.८) यात्रा कस्तो हुनेछ ?]**

अलग्ग एक स्थानमा उभिएर नन्दि विशाल देवपुत्रले भगवान् बुद्ध समक्ष यस गाथा प्रस्तुत गरे-

चारवटा चक्का भएको[1]
नौवटा ढोका भएको[2]
अशुचिपूर्ण, लोभले भरेको छ ।
हे महावीर ! (बाटो) हिलै हिलोले भरिएको छ,
कसरी यात्रा गर्ने ?

भगवान् बुद्ध-

वैरभाव[3] र लोभलाई त्यागी,
इच्छा, लोभ र पापमय विचारलाई पनि त्याग ।
तृष्णालाई भित्री जरा देखि नै उखेली,
यस्तो यात्रा गर्नुपर्छ ।

**[९.सुसिम सुत्त (२.३.९) आयुष्मान सारीपुत्रको गुण]**

श्रावस्तीमा ।

आयुष्मान् आनन्द जहाँ भगवान् बुद्ध हुनुहुन्थ्यो, त्यहाँ आउनुभयो र भगवान बुद्धलाई अभिवादन गरी अलग्ग एक ठाउँमा बस्नुभयो । अलग्ग एक स्थानमा बस्नु भएका आनन्दलाई भगवान् बुद्धले भन्नुभयो- आनन्द ! तिमीलाई सारीपुत्र मनपर्छ हैन ?

[भिक्षु आनन्द] — भन्ते । मूर्ख, दुष्ट, मूढ र रिसाहा मानिस बाहेक त्यो को हुन सक्छ, जसले आयुष्मान सारीपुत्रलाई मन पराउँदैन ? भन्ते ! सारीपुत्र महाज्ञानी हुनुहुन्छ, महाप्रज्ञ हुनुहुन्छ, ठूलो पण्डित हुनुहुन्छ (उहाँ) ।

आयुष्मान सारीपुत्रको प्रज्ञा अत्यन्त उच्च छ । उहाँको प्रज्ञा अत्यन्त तीब्र छ । उहाँको प्रज्ञा अत्यन्त तीक्ष्ण छ । उहाँको प्रज्ञालाई बुझ्न सजिलो छैन । भन्ते ! आयुष्मान सारीपुत्र अत्यन्त अल्पेच्छ हुनुहुन्छ, सन्तोषी हुनुहुन्छ, विवेकी हुनुहुन्छ, अनाशक्त हुनुहुन्छ, उत्साही हुनुहुन्छ, वक्ता हुनुहुन्छ, वचन-कुशल हुनुहुन्छ, बताउन सक्ने हुनुहुन्छ, पापलाई निन्दा गर्ने व्यक्ति हुनुहुन्छ । भन्ते ! मूर्ख, दुष्ट, मूढ र रिसाहा मानिस बाहेक त्यस्तो को होला जसलाई आयुष्मान् सारीपुत्र मन पर्दैन ।

[भगवान् बुद्ध]

आनन्द ! यस्तै हो । त्यस्तो कुन व्यक्ति होला, जसलाई सारीपुत्र मन पर्दैन । आनन्द ! सारीपुत्र महाज्ञानी छ, महाप्राज्ञ छ ...............।

तब सुसिम देवपुत्र आयुष्मान् सारीपुत्रको गुण वर्णन भइरहेकै बेला देवपुत्रहरूको एक ठूलो मण्डली लिई भगवान् बुद्ध समक्ष आइपुगे र भगवान् बुद्धलाई अभिवादन गरी अलग्ग एक स्थानमा उभिए ।

अलग्ग एक स्थानमा उभिएर सुसिमदेवपुत्रले भगवान् बुद्धलाई भने-

भगवान् बुद्ध ! सुगत यस्तै हो .......। त्यस्तो कुन व्यक्ति होला जसलाई आयुष्मान् सारीपुत्र मन पर्दैन ।

---

१ "चारवटा चक्का भएको" भन्नु नै चारवटा इरियापथ हो । (उभिरहने, बस्ने, सुत्ने र हिंडदुल गर्ने) ।

२ आँखा दुईवटा, कान दुईवटा, नाकको प्वालहरू दुईवटा, खाने मुख, मलद्वार र पिशाव द्वार गरी जम्मा ९ वटा प्वालहरू ।

३ नद्धि=उपनाह । "पहिले, क्रोध हुन्छ, त्यही पछि गएर वैरभाव (उपनाह) मा परिवर्तन हुनजान्छ ।

-अट्ठकथा ।



Downloaded from http://www.dhamma.digital

भन्ते ! जुन जुन देव परिषदमा म गएँ त्यहाँ त्यहाँ मैले धेरै जसो यही कुरा सुनें आयुष्मान् सारीपुत्र महाज्ञानी हुनुहुन्छ, महाप्राज्ञ हुनुहुन्छ ... ... ।

तब सुसिम देवपुत्रको मण्डलीले आयुष्मान् सारीपुत्रको गुण गाइरहेको समयमा संतुष्ट, प्रमुदित र प्रीतियुक्त भई प्रशन्न कान्ति धारण गरे । जसरी शुभा राम्रो जात भएको, राम्ररी बनाइएको, उनी कपडामा बेरि एको वैदुर्यमणिको चहक, चम्किने हो- त्यसरी नै सुसिम देवपुत्रका मण्डलीले ... ... प्रशन्न कान्ति धारण गरे । जसरी असल जातको सुनको आभूषण दक्ष सुनारले राम्रो मेहनत र सीप लगाई कुँडिएको हुन्छ, (त्यसलाई) उनी कपडामा लपेटिएको बेला जसरी यसको चहक देखिन्छ, चम्किएको हुन्छ - त्यसरी नै सुसिम देवपुत्रका मण्डलीले ... ... प्रशन्न कान्ति धारण गरे ।

जस्तो रातीको औषधि-तारका (शुक्र तारा) ... ... त्यस्तै नै सुसिम देवपुत्रका मण्डलीले ... ... प्रशन्न कान्ति धारण गरे ।

जसरी, शरदकालमा वादल हटेर गएपछि र आकाश सफा भएपछि आकाशमा सूर्य उडाई अन्धकार सबै हटाई आफ्नै तेज फैलाउँछ र चम्किन्छ, त्यसरी नै सुसिम देवपुत्रका मण्डलीले प्रशन्न कान्ति धारण गरे ।

तब सुसिम देवपुत्रले आयुष्मान् सारीपुत्रको विषयमा भगवान् बुद्ध समक्ष यो गाथा प्रस्तुत गरे-

पण्डित र ठूला ज्ञानी, क्रोध रहित सारीपुत्र, अल्पेच्छ, शुद्ध शील, शान्त, दान्त, ऋषि, जसले बुद्धको तेजबाट लाभ प्राप्त गरेको छ ।

तब भगवान् बुद्धले आयुष्मान् सारीपुत्रको विषयमा सुसिम देवपुत्रलाई गाथाद्वारा भन्नुभयो-

पण्डित र ठूला ज्ञानी क्रोध रहित सारीपुत्र, अल्पेच्छ, सूरत, दान्त (भई) आफ्नो मेहनतको बाटो पर्खिरहेको छ ।

**[१०. नाना तित्थिय सुत्तं (२.३.१०) अनेक तिर्थियहरूको मत बुद्ध अगुवा]**

मैले यसरी सुनें ।

एक समय भगवान् बुद्ध राजगृहको वेलुवन कलन्दक निवापमा रहनु भएको थियो ।

त्यसबेला, कोही अर्कै मत भएका श्रावक देवपुत्रहरू - असम, सहली, निंक, आकोटक, वेटम्वरी र माणव-गामिय-रात वितिसकेपछि आफ्नो रश्मिले सारा वेलुवनलाई चम्काई जहाँ भगवान् बुद्ध हुनुहन्थ्यो, त्यहाँ आएर भगवान् बुद्धलाई अभिवादन गरी अलग्ग एकातिर उभिए ।

अलग्ग एकातिर उभिएका असम देवपुत्रले पुरण कस्सपको विषयमा भगवान् बुद्ध समक्ष यो गाथा प्रस्तुत गरे-

यदि कुनै मानिसलाई मार्‍यो, काट्यो
या कसैलाई वर्वाद गर्‍यो भनेपनि
कस्सपको भनाई अनुसार (त्यस ब्यक्तिलाई)
कुनै पाप वा पुण्य हुने छैन ॥
उहाँ (कस्सप) ले यसरी विश्वास गर्न
योग्य कुरा गर्नुभएको छ ।
उहाँ गुरू भज्न योग्य ब्यक्ति हुनुहुन्छ ॥

तब सहली देवपुत्रले मक्खलि - गोसालको विषयमा भगवान बुद्ध समक्ष यो गाथा प्रस्तुत गरे कठिन तपश्चरण र पाप जुगुप्साबाट अलग्ग, मौन, कलह त्यागी, शान्त, खराव कार्यहरूबाट विरत रहने, सत्यवादी, त्यस्ता ब्यक्तिले कहिले पनि पाप कर्म गर्न सक्दैन ॥

तब निंक देवपुत्रले निगण्ठ नाथपुत्रको विषयमा भगवान् बुद्ध समक्ष यो गाथा प्रस्तुत गरे-

पापलाई घृणा गर्ने ब्यक्ति चतुर, भिक्षु,
चार यामहरूमा सुसंवृत रहने ब्यक्ति,
देखेको र सुनेको विषयमा बताउने,
उसबाट के पाप कार्य हुन सक्ला र ?

तब, आकोटक देवपुत्रले नाना तिर्थीयहरूको विषयमा भगवान बुद्ध समक्ष यो गाथा प्रस्तुत गरे-

पकुध, कातियान, निगण्ठ र अर्को हो मक्खलि, पुरण
श्रामण्य प्राप्त गरिसकेका यिनीहरू गणका नायकहरू हुन्,

यिनीहरू सत्पुरुषहरूबाट कसरी टाढा हुन सक्छन् ? तब, वेटम्बरी देवपुत्रले आकोटक देवपुत्रको विषयमा गाथाद्वारा प्रस्तुत गरे-

ति हु गरेर रुने विचरा श्यालहरू सिंह संगसंगै हिंडिरहे पनि
सिंह समान कहिले पनि हुन सक्दैनन्



Downloaded from http://www.dhamma.digital

त्यसरी नै नांगा र झूठा वादी गणका गुरु
जसको चाल चलनमा शंका गर्न सकिन्छ,
(यिनीहरू) सज्जनहरू समान हुँदै होइन ॥

तब पापी मार वेटम्वरी देवपुत्रमा प्रविष्ट भई भगवान् बुद्ध समक्ष यो गाथा प्रस्तुत गरे-

तप र दुष्कर क्रिया गरिरहनेहरू
जुन विषयमा उनीहरूले विचार पूर्वक
पालन गरिरहेका हुन्छन्
र जो सांसारिक रूपमा आशक्त छन्,
देवलोकमा मज्जा उडाइरहेका छन्,
उनीहरूले नै परलोक बनाउने विषयमा
राम्रा उपदेशहरू दिन्छन् ॥

तब भगवान बुद्धले (यो बोलिरहने) पापी मार हो भन्ने कुरा थाहा पाई उसलाई गाथाद्वारा (यसरी) उत्तर दिनुभयो-

हे मार नमुचि ! यस लोकमा र परलोकमा वा
आकाशमा जहाँपनि भएका राम्रा (प्रभास) वर्ण युक्त रूप हो,
यि सबै तिमीले गरेका प्रशंसाहरू त
माछा मार्नको लागि राखिएको बल्छि जस्तै मात्र हो ।

त्यसपछि मानवगामी देवपुत्रले भगवान बुद्धसमक्ष गाथा द्वारा यसरी बिन्ति गऱ्यो-

राजगृहका पहाडहरू मध्ये
विपुल पहाडलाई श्रेष्ठ मानिन्छ,
श्वेत[१] हिमालयहरू मध्ये श्रेष्ठ छ,
आकाशमा चल्नेहरू मध्ये सूर्य
जलाशयहरू मध्ये समुद्र श्रेष्ठ छ,
नक्षत्रहरू मध्ये चन्द्रमा
त्यसरी नै देवताहरूका साथ सबै लोकमा
बुद्ध नै अगुवा मानिन्छ ॥

*देवपुत्र संयुक्त समाप्त ।*

१ कैलाश-अट्ठकथा

## श्री ५ वीरेन्द्र विपश्यना केन्द्र सवारी

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर बिक्रम शाहदेवद्वारा २०५७ जेठ १ गते आइतवारका दिन बुढानीलकण्ठ मुहान पोखरी स्थित धर्मश्रृङ्ग नेपाल विपश्यना केन्द्रको निरीक्षण गरिवक्सेको समाचार प्राप्त भएको छ । प्राप्त समाचार अनुसार सो निरीक्षण भ्रमणका अवसरमा मौसूफबाट उक्त केन्द्रको ध्यान कक्ष, शून्यागार, पुरुष तथा महिला क्षेत्रमा निर्मित साधक साधिका आवास तथा भोजनालयहरूको अवलोकन गरिबक्सेको थियो ।

सो अवसरमा मौसुफसरकारबाट नेपाल भ्रमणमा रहनु भएका विश्व विपश्यनाचार्य सत्यनारायण गोयन्का समक्ष अभिरुचिका साथ विपश्यना ध्यान विधि सम्बन्धी प्रश्नहरू गरिबक्सी विस्तृत जानकारी हासिल गरिबक्सेको थियो ।



**NOT TO DO EVIL**
**पाप कर्म कहिल्यै नगर्नु**
**TO CULTIVATE MERIT**
**पुण्य गर्दै जानु**
**TO PURIFY ONE'S MIND.**
**आफ्नो (मन) चित्तलाई शुद्ध गर्नु**
*– This is the teaching of the Buddhas.*
*यहि नै बुद्धहरूको उपदेश हो ।*

## अभिनन्दन – पौ

श्रद्धेय महास्थविर भिक्षु अश्वघोष,

छलपोलयात १९ मार्च २००० स म्यानमार सरकार पाखें "अग्ग महासद्धम्म जोतिक धज" उपाधि व पदविं छायप्यूगु खँ न्यना: जित: नुगलं निसें प्रशंसा याय् मास्ते वल ।

छलपोलया आगमन भोंतय् जुसेंलि भोंतय् ध्यानकुटी विहार स्थापना याना: काभ्रे जिल्लाय् बौद्ध धर्मया ब्याक्क प्रचार प्रसार याना बिज्या:गुलिं थनया धर्माबलम्बीतसें बौद्ध धर्मयात ध्वाथुइके फत ।

छलपोलयागु अथक प्रयत्न व ज्या खं थनया जनतात छलपोल खना: तसकं लयूता:गु खँ छलपोलयात कनाच्वना ।

थौं अखिल नेपाल भिक्षु महासंघ पाखें हना ज्याइव: छुनादीगु लसताय् भोंतया उपासक जुया: जिं थ्व अभिनन्दनया पौ ल: ल्हाय् ।

छलपोलया स्वास्थ्य बाँलाय्मा । न्हापा थें लिपा नं धर्मया लँय् थ:गु गति न्ह्याकादी धका: मनं तुना ।

सुभाय् !

उपासक
**केशब काजी बैद्य, भोंत**
सप्तमी ११२० ने.सं. वैशाख शुल्क पक्ष बछलाथ्व



Downloaded from http://www.dhamma.digital

२५४४ औं वैशाख पूर्णिमा तथा धर्मकीर्ति विहारको ३५ औं वार्षिक उत्सव र धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको २९ औं वार्षिक उत्सवको पूनित उपलक्षमा गोष्ठीको आयोजनामा विभिन्न रचनात्मक कार्यक्रमहरू संचालन गरिएका छन् । जुन यसरी छन् ।

### रक्तदान

२०५७ बैशाख ३१ गते । स्थान - धर्मकीर्ति विहार ।

उक्त कार्यक्रम "A Positive Group" को बाहेक जम्मा ३७ जवान रक्तदाताहरूले रक्तदान गरेका थिए । स्मरणिय छ धर्मकीर्ति विहारको तर्फबाट यसरी १७ वर्ष अगाडि देखि रक्तदान कार्यक्रम संचालन गर्दै आएको छ ।

रक्तदान गर्ने रक्तदाताहरूको नामावली–

(१) कुशुम गुरुमां
(२) अगम्य रत्न कंसाकार
(३) अष्ट रत्न शाक्य
(४) सरीता तुलाधर
(५) सुवर्ण लक्ष्मी तुलाधर
(६) ज्योती लक्ष्मी तुलाधर
(७) रीता बज्राचार्य
(८) तारा शोभा स्थापित
(९) मुनिन्द्र रत्न बज्राचार्य
(१०) रेणु मानन्धर
(११) पद्म कुमारी शाक्य
(१२) नीलम शाक्य
(१३) दीपक रत्न शाक्य
(१४) निरुमति बज्राचार्य
(१५) गीता सिंह
(१६) लक्ष्मी महर्जन
(१७) विजय रत्न तुलाधर
(१८) रोशना स्थापित
(१९) अनीला महर्जन
(२०) लक्ष्मी डंगोल
(२१) अनिल कृष्ण जोशी
(२२) इश्वर भक्त श्रेष्ठ
(२३) श्री कृष्ण श्रेष्ठ
(२४) ध्रुब राजकर्णिकार
(२५) सूर्यमान रञ्जित
(२६) विरेन्द्र प्रधानाङ्ग
(२७) नविन ज्योति तुलाधर
(२८) रोशन काजी तुलाधर
(२९) विभूति विष्ट
(३०) हसन कुमार बज्राचार्य
(३१) रबी श्रेष्ठ
(३२) अशोक कुमार महर्जन
(३३) अमोल मानसिं बनिया
(३४) मधुसुदन श्रेष्ठ
(३५) इन्द्रमान महर्जन
(३६) तिमीला रञ्जित
(३७) रंगीता महर्जन

रक्तदाताहरूलाई विभिन्न उपासक उपासिकाहरूको तर्फबाट, दूध, फलफुल, चीसो पेय पदार्थ र अन्य खाद्य पदार्थहरू दान स्वरूप दिई सेवा गरेका थिए ।

### दन्त शिविर

स्थान - धर्मकीर्ति विहार । २०५७ जेठ ७ गते ।

पिपल्स डेन्टल कलेज एण्ड हस्पिटलको सहयोगमा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी धर्मकीर्ति विहारले एक दिने (९ बजे देखि १२ बजे सम्म विहान) नि:शुल्क दन्त शिविरको आयोजना गरेको थियो । उक्त शिविरमा ११ जवानको एक टोलीबाट जम्मा ७१ जवान उपासक उपासिकाहरूले दाँत सम्बन्धि उपचार पाई लाभान्वित भएका थिए । यस शिविरले "जसले रोगीलाई सेवा गर्छ, उसले मलाई सेवा गरेको हुन्छ" भन्ने बुद्ध वचनलाई हृदयंगम गरेको छ ।

### विस्कुट वितरण

२०५७ जेठ ५ गते । धर्मकीर्ति विहारका उपासक उपासिकाहरू र गुरुमांहरूको सक्रिय सहयोगमा काठमाडौं स्थित वीर हस्पिटलका विरामीहरूलाई बिस्कुट वितरण गरिएको थियो । बेलुकी काशी स्वयम्भू चैत्य वरिपरी दीप प्रज्ज्वलन गरिएको थियो ।

### वार्षिक भेला

✏ रिपोर्टर उमा मानन्धर

२०५६ चैत्र १९ गते, स्थान- सुलक्षण कीर्ति विहार, चोभार ।

यसदिन धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको वार्षिक भेला कार्यक्रम सम्पन्न गरियो । वीर्यवती गुरुमांको सभापतित्त्वमा संचालित उक्त कार्यक्रम विकासरत्न तुलाधरले संचालन गर्नुभएको थियो । कार्यक्रम २ चरणमा विभाजन गरिएको थियो ।

पहिलो चरणमा गोष्ठीका ४ जवान सदस्यहरू बिच विचार विमर्श कार्यक्रम राखिएको थियो । विचार विमर्श कार्यक्रममा वक्ताका रुपमा भाग लिनुहुने सदस्यहरू यसरी हुनुहुन्थ्यो ।

१. लोचन तारा तुलाधर २. रीना तुलाधर ३. तारा डंगोल ४ श्याम लाल चित्रकार ।

अध्ययन गोष्ठी बारे आफ्नो विचार र अनुभव पोख्ने शिलसिलामा बोल्नु हुँदै वक्ताहरू

**१. लोचनतारा तुलाधर-**

अध्ययन गोष्ठीको उपलब्धी भन्नु नै यसलाई हाल सम्म (२८ वर्ष सम्म) निरन्तर रुपमा संचालन गरि रहन सक्नु हो । यस गोष्ठीमा आई भन्ते र गुरुमांहरूको सतसंगत गरी बुद्ध शिक्षा अध्ययन गर्नुका साथै यसलाई आफ्नो जीवनमा प्रयोग गर्न सक्नु नै यसको उपलब्धी मान्न सकिन्छ । पूज्य अश्वघोष भन्तेबाट लेख लेख्ने विषयमा प्रेरणा पाएको फलस्वरूप लेखन क्षेत्रमा केही प्रगति गर्ने मौका पाएँ । गृहस्थी जंजालमा आफू अलमलिएर यस गोष्ठीमा निरन्तरता दिन नसके पनि आफूले पाएको प्रेरणालाई मैले सँधै स्मरण गर्दै भन्ते गुरुमांहरू प्रति श्रद्धा प्रकट गर्दै शीर झुकाइ रहेकी छु ।




Downloaded from http://www.dhamma.digital

## २. रीना तुलाधर-

बालककाल देखि विहारमा आई भन्ते गुरुमांहरूको तर्फबाट बुद्ध शिक्षा अध्ययन गर्ने मौका पाएँ। पूज्य अश्वघोष भन्तेको तर्फबाट लेख लेख्ने प्रेरणा पाउनु नै यसलाई उपलब्धीको रुपमा लिन सकिन्छ। गोष्ठीको उद्देश्य अनुसार गाउँ गाउँमा गई धर्मप्रचार गर्ने र तीर्थस्थलहरू घुम्ने मौका पाएँ। भन्ते गुरुमांहरूको तर्फबाट बुद्ध शिक्षा अध्ययन गरी आफ्नो गल्तीलाई महशुस गर्दै आफ्नो व्यवहार सुधार्ने मौका पाएँ। सबभन्दा ठूलो उपलब्धी नै आफूमा शहन शक्ति पैदा गर्न सकेकोलाई सम्झेकी छु।

## ३. तारा डंगोल-

२०४८ साल देखि अध्ययन गोष्ठीमा आई बुद्ध शिक्षा अध्ययन गर्ने मौका पाएँ। यस भन्दा पहिला आफ्नो चञ्चल स्वभाव र साथीहरूको संगतमा परी विभिन्न धार्मिक संस्थामा गइए पनि केही ठोस उपलब्धी भने हासिल गर्न सकिन। तर जब मेरी दिदीको प्रेरणा पाई म अध्ययन गोष्ठीमा आएँ तब मैले भन्ते गुरुमांहरूको तर्फबाट बुद्ध शिक्षा अध्ययन गर्ने मौका पाएँ। साथै समय समयमा संचालित विभिन्न तालिमहरूमा भाग लिने मौका पनि पाएँ। नेपाल भाषाबाट रिपोर्टहरू लेख्ने र बोल्ने तालिम पाएँ। आफूलाई अध्ययन गोष्ठीको एक जिम्मेवारी व्यक्तिको रुपमा प्रस्तुत गर्ने मौका पाएँ। अध्ययन गोष्ठीमा आई यही नै एक महत्त्वपूर्ण उपलब्धी हासिल भएको महशूस गरेकी छु।

## ४. श्यामलाल चित्रकार-

५६ बर्षको उमेर सम्म त मेरो कुनै धर्ममा आस्था थिएन। मैले समाज र पारिवारिक इच्छाहरूमा मात्र आफूलाई समर्पित गरें। त्यसबेला सम्म धर्मको सही परिभाषा नै बुझेको थिएन। संयोगबश नेपालगंजमा साथीभाईहरूको संगतमा परी बुद्ध शिक्षामा आधारित विपश्यना ध्यानबाट म प्रभावित भएँ। सत्यनारायण गोयन्काज्यूको निर्देशनमा संचालित उक्त विपश्यना ध्यानबाट प्रभावित भएको मैले बि.सं. २०५३ सालमा म धर्मकीर्ति बिहारको अध्ययन गोष्ठीमा सहभागी बन्ने मौका पाएँ। त्यसपछि बुद्ध शिक्षा सम्बन्धी विभिन्न पुस्तकहरू अध्ययन गरें र भन्ते गुरुमांहरूको तर्फबाट पनि बुद्ध शिक्षा अध्ययन गर्दै आफ्नो जीवनमा केही सुधार ल्याउने मौका पाएँ। यसरी बुद्ध शिक्षा अध्ययन गर्नुका साथै आफ्नो आचरणमा सुधार्न सक्नु नै ठूलो उपलब्धीको रुपमा लिएको छु।

अन्त्यमा सभापतीको आसनबाट बोल्नुहुँदै वीर्यवती गुरुमांले भन्नुभयो- विचार विमर्श कार्यक्रमको सिलसिलामा चार जवान वक्ताहरूको विचारको निचोडलाई लिएर हामीले यही भन्न सक्छौं, बुद्ध शिक्षा अध्ययन गरे जस्तै हामीले यसलाई आफ्नो दैनिक जीवनको ब्यवहारमा प्रयोग गर्दै जान सकेमा मात्र हामीले आफ्नो जीवनमा मानसिक सुख र सन्तोष रूपी उपलब्धी हासिल गर्न सक्ने रहेछ। त्यसैले हामीले ज्ञान सिके जस्तै त्यसलाई धारण मात्र नगरी जीवनमा प्रयोग पनि गर्नु परेको छ। अर्थात् बुद्ध शिक्षा अध्ययन गरे जस्तै त्यही शिक्षाको सहयोगले आफ्नो मनमा मयलको रुपमा टाँसिएर रहेका खराव बानीहरूलाई आफैले महशूस गरी त्यसलाई पखाली आचरण शुद्ध पार्नु परेको छ। यसो नगरीकन बुद्ध शिक्षालाई हामीले धारण मात्र गर्ने अर्थात् अध्ययन गर्ने, अरुलाई सिकाउने, चिन्तन मनन गरी तर्क वितर्क गर्दै पंडित बन्ने आदी कार्यमा मात्र सीमित रह्यो भने यसले हामीलाई ज्ञानी होइन अहंकारी मूर्ख बनाई दिन्छ।

उदाहरणको लागि मयल सहितको हाम्रो शरीर र लुगा सफा पार्न यिनीहरूमा साबुन मात्र लगाउँदैमा मयल निखिदैन। मयल निखार्नुको बदला त्यस साबुनले हाम्रो छालामा फोहोर खटिरा रूपी विकृतीहरू ल्याइदिन सक्छ। त्यसैले साबुन लगाइएको शरीर र लुगालाई मयल सहितको साबुन ननिखिए सम्म पानीले पखाल्नु पर्छ। अनि मात्र हाम्रो शरीर र लुगा मयल रहीत स्वच्छ र शुद्ध हुनेछ।

त्यसैले अध्ययन गोष्ठीको विभिन्न उद्देश्यहरू मध्ये प्रमुख उद्देश्यको रुपमा रहेको बुद्ध शिक्षा प्रचार प्रसार गर्ने कार्यलाई प्रवचन र अध्ययन अध्यापनको माध्यममा मात्र सीमित नराखी हाम्रो सभ्य र असल आचरणको माध्यमबाट पनि प्रचार गर्न सकेको खण्डमा त्यसरी गरिएको बुद्ध शिक्षा प्रचार कार्य अझ भरपर्दो, प्रभावकारी र मजबूत बन्ने देखिन्छ।

कार्यक्रमको दोश्रो चरण पनि वीर्यवती गुरुमांको सभापतित्त्वमा विकास रत्न तुलाधरले संचालन गर्नुभएको थियो। स्वागत भाषणको क्रममा अगम्यरत्न


Downloaded from http://www.dhamma.digital

कंसाकारले भन्नुभयो- यस वार्षिक भेला कार्यक्रमले हाम्रो सीमित समयमा पनि आफुले आफूलाई समिक्षा गरी हेर्ने मौका दिएको छ । अध्ययन गोष्ठीले सबैको सहयोग पाएर निरन्तरता पाइरहन सकेको छ। यसरी नै यस गोष्ठीमा पुराना सदस्यको रुपमा रहनु भएका महानुभावहरूको बुद्ध शिक्षाको माध्यमबाट नयाँ सदस्यहरूलाई गोष्ठीमा सहभागी गराउने कार्यमा मद्दत गर्नेछ भन्ने आशा लिएको छु । हामी सबैले बुद्ध शिक्षालाई आफ्नो व्यवहारमा प्रयोग गर्दै प्रचार गर्न सकौं। अन्त्यमा यस जाती जरा मरण चक्रबाट मुक्त भई हामी सबै एकदिन निर्वाणलाई प्राप्त गर्न सक्षम हुन सकौं भन्ने कामना गर्दछु ।

गोष्ठीका सचिव अरुण सिद्धि तुलाधरले वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्नु भएको यस कार्यक्रममा कोषाध्यक्ष मीन शोभा शाक्यले वार्षिक आय व्यय विवरण पेश गर्नु भएको थियो ।

यस कार्यक्रममा वि.सं. २०५४ देखि २०५६ साल सम्ममा गोष्ठीको साप्ताहिक कार्यक्रममा रिपोर्ट लेखी बढि सहयोग गर्नुहुने सदस्यहरूलाई रत्नमञ्जरी गुरुमांले गोष्ठीको लोगो अंकित पुरस्कार प्रदान गर्नु भएको थियो ॥ पुरस्कार प्राप्त गर्नुहुने सदस्यहरूको नाम यसरी उल्लेख गरिएको छ । (१) मीन शोभा शाक्य (२) विमला शाक्य (३) रामेश्वरी महर्जन र (४) श्यामलाल चित्रकार ।

स्वास्थ्य कमिटीका सदस्य रोशन काजी तुलाधरबाट अध्ययन गोष्ठीका उद्देश्य अनुरूप संचालित स्वास्थ्य सेवालाई अष्टमी, पूर्णिमा, अष्टमी आदि गरी हाललाई महिनाको चार पटक संचालन गरिरहेको कुरा जानकारी दिनुहुँदै स्वास्थ्य कमिटीले विरामीहरूलाई दर्ता शुल्क रु. १० मात्र लिई स्वास्थ्य सेवा पुऱ्याउँदै आएको र स्वास्थ्य कमिटीसंग उपलब्ध भएका औषधीहरू नि:शुल्क वितरण भइरहेको कुरा पनि जानकारी गराउनु भयो । स्वास्थ्य सेवा तर्फ सेवा पुऱ्याइरहनु भएका डाक्टरहरूको नामावली यसरी उल्लेख गरिएको छ । (१) डा. चन्द्रेश रत्न तुलाधर (२) डा. थीरमान शाक्य (३) डा. योगेन्द्र मान शाक्य (४) डा. तारा मैंया शाक्य आदि। यसरी नै स्वास्थ्य कमिटीमा विशेष सहयोग पुऱ्याउनु हुने अन्य सहयोगीहरूको नामावली यसरी रहेको छ।

(१) नर्स तारा देवी तुलाधर (२) अनुपमा गुरुमां (३) रोशन काजी तुलाधर ।

यसरी नै गुरुमांहरूलाई शिक्षा दिलाउन उच कमिटीको तर्फबाट स्वास्थ्य कमिटीलाई ५ वर्षको लागि रु. २५०००/- किस्ता बन्दीबाट उपलब्ध गराइने कुरा व्यक्त गर्नुभयो ।

**उक्त वार्षिक भेलाको प्रवचन कार्यक्रममा २ जवान गुरुमांहरूले प्रवचन दिनु भएका थिए**

(१) अनोजा गुरुमांले प्रवचन दिनुहुँदै भन्नुभयो - बुद्धको शिक्षा अनुसार बहुजन हिताय बहुजन सुखायको उद्देश्यलाई मनन गर्दै अगाडी बढिरहेको यस अध्ययन गोष्ठीका सदस्यहरूले गाउँ गाउँमा गई धर्मप्रचार गर्नु अति आवश्यक छ । यथार्थ ज्ञानलाई आफुले पनि अध्ययन गरी अरुलाई हीतोपकार हुने कार्य गर्ने बुद्ध शिक्षा अनुसार नै यस सुलक्षण कीर्ति विहार पनि निर्माण गरिएको छ । यस विहारमा पनि स्वास्थ्य शिविर संचालन, बुद्ध पूजा आदि कार्यक्रम भइरहेको छ। शिघ्र रुपमा पत्रिका पनि प्रकाशन हुँदैछ। यो विहार धर्मकीर्ति विहारकै शाखाको रुपमा संचालन हुँदैछ ।

(२) अनुपमा गुरुमां - धर्मकीर्ति अध्ययन गोष्ठी बुद्ध शिक्षा अध्ययन गर्ने संस्था हो । बुद्ध शिक्षा अनुसार पहिला आफुले अध्ययन गरी पछि अरुलाई मार्ग देखाउने मार्ग दर्शक बन्नु पर्छ। बुद्ध शिक्षामा परियत्ति, प्रतिपत्ति र प्रतिवेदन शासनलाई क्रमवद्ध रुपमा संचालन गर्नुपर्ने कुरालाई उल्लेख गरिएको छ। अध्ययन गोष्ठीले आफ्नो कार्यक्रमहरूलाई यसरी नै सिलसिला बद्ध रुपले अगाडि बढाउन आवश्यक देखिन्छ ।

दोश्रो चरणको कार्यक्रमको मध्य तिर स्वास्थ राज्य मन्त्री तीर्थराम डंगोल पनि उपस्थित हुनु भएको थियो । उहाँ मन्त्री पदमा पदासिन हुनु भएको उपलक्षमा अनोजा गुरुमांको तर्फबाट बुद्ध मूर्ति उपहार स्वरूप दिनु भई खादा ओढाई स्वागत गरिएको थियो ।

आफ्नो मन्तव्य व्यक्त गर्नु हुँदै मन्त्री श्री तीर्थराम डंगोल- बुद्ध आफ्नै प्रयासबाट बोधिज्ञान प्राप्त गर्न सक्षम हुनु भएका एक महामानव हुनुहुन्छ । उहाँको शिक्षालाई हामीले मार्ग दर्शनको रुपमा लिन सक्नु पर्छ।

कार्यकारिणी समितिका सदस्य इन्द्रकुमार नकर्मीले धन्यवाद ज्ञापन गर्नु भएको उक्त कार्यक्रममा वीर्यवती गुरुमांले सभापतीको आसनबाट सभा विसर्जन गर्नु भएको थियो ।

वार्षिक भेलाको अन्तिम कार्यक्रममा सधैं झैं कल्प बृक्ष कार्यक्रम संचालन गरी समापन गरिएको थियो ।



Downloaded from http://www.dhamma.digital

## धर्मकीर्ति विहारमा संचालित नियमित शनिवारिय कार्यक्रमहरू

२०५७ साल बैशाख ३ गते, रिपोर्टर-श्यामलाल चित्रकार

विषय : **समथ र विपश्यना ध्यान**

कुनै विषयवस्तुको आलम्बन लिई चित्त एकाग्र गर्नुलाई समथ ध्यान भनिन्छ भने शरीर, वेदना, धम्म र चित्तलाई विशेष प्रकारले हेर्ने विधिलाई विपश्यना भनिन्छ। विपश्यना ध्यान चार प्रकारका छन्।

(१) कायानुपस्सना (२) वेदनानुपस्सना (३) चित्तानु पस्सना (४) धम्मानुपस्सना

समथ ध्यान ४० प्रकारले गर्न सकिन्छ। समूहगत रुपमा निम्न बमोजिम बिभाजन गरिएको छ।

(क) कसिण ध्यान - १० प्रकार
(ख) अशुभ ध्यान - १० प्रकार
(ग) अनुस्सति ध्यान - १० प्रकार
(घ) अप्पमाणा - ४ प्रकार
(ङ) आहार पतिकुल संज्ञा ध्यान - १ प्रकार
(च) धातुववत्थान - १ प्रकार
(छ) अरूप ध्यान - ४ प्रकार।

उपरोक्त विभिन्न प्रकारका ध्यानहरू मध्ये केही व्याख्या अघिल्लो कक्षामा भइसकेको हुँदा यस दिन कसिण ध्यान सम्बन्धमा विवेचना गरियो। पञ्चमहाभूत, ४ वटा रंग र प्रकाश गरी १० प्रकारका आलम्बन लिई ध्यान गरिने भएकोले १० प्रकारका कसिण ध्यान भनिएको हो। उक्त १० प्रकारका कसिण ध्यान यस प्रकारका छन्।

१. पथवि कसिण - हलका वा भारीपनको अनुभव हुने ठोस पदार्थको आलम्वन
२. आपो कसिण - तरल पदार्थको आलम्वन
३. वायो कसिण - हावा, हलन चलनको आलम्वन
४. तेजो कसिण - गरम, ठण्डिको आलम्वन
५. आकास कसिण - खाली ठाउँको आलम्वन
६. नील कसिण - नीलो रंगको आलम्वन
७. पीत कसिण - पहेँलो रंगको आलम्वन
८. लोहित कसिण - रातो रंगको आलम्वन
९. ओदात कसिण - सेतो रंगको आलम्वन
१०. आलोक कसिण - प्रकाशको आलम्वन

उपरोक्त विभिन्न कसिणहरू मध्ये एक समयमा एउटा मात्र कसिणमा मन लगाई सो कसिणको गुणलाई स्मरण तथा अनुभूति गरी ध्यानमा लीन हुनु पर्छ। धेरैजसो ध्यानमा आँखा चिम्लेर ध्यान गरिन्छ। तर रंगलाई आलम्वन गर्ने बेला आँखा खोली एउटा रंगमा हेरी ध्यान केन्द्रित गरिन्छ। यसो गर्दा गर्दै आँखा दुखेमा आँखा चिम्लेर बस्दा पनि सोही रंगलाई सम्झेर ध्यान गर्नु पर्छ।

उपरोक्त १० वटा कसिण ध्यान समेत ४० वटा समथ ध्यानहरू सबै व्यक्तिलाई बराबर फाइदा नहुन सक्छ। हरेक व्यक्ति विभिन्न चरित्र प्रधान हुन सक्छ। राग, द्वेष, मोह, श्रद्धा, बुद्धि र विर्तक चरित्र मध्ये कुनै व्यक्तिमा एउटा चरित्रको प्रधानता हुन सक्छ भने अर्को व्यक्तिमा अर्कै चरित्रको प्रधानता हुन सक्छ। व्यक्तिको चरित्र हेरेर बिभिन्न ध्यानको सिफारिश गरिएको छ। आ-आफ्नो चरित्रलाई बिचार गरी ध्यानको छनौट गरी ध्यान गरेमा बढि फाइदा हुन्छ। निम्न चरित्र भएका व्यक्तिलाई निम्न ध्यानहरू गर्नका लागि सिफारिस गरिएका छन्।

१. राग चरित्र - १० अशुभ, १ कायगतानुसति
२. द्वेष चरित्र - ४ अप्रमाण्य, नील, पीत, लोहित, ओदात
३. मोह चरित्र - १ आनापानसति
४. श्रद्धा चरित्र - बुद्धानुसति, धम्मानुसति, संघानुसति, सीलानुसति, चागानुसति र देवतानुसति।
५. बुद्धि चरित्र - मरणानुसति, उपसमानुसति, आहार पतिकुल संज्ञा र धातुववत्थान
६. वितर्क चरित्र- आनापानसति

**२०५७ वैशाख १० गते।**

रिपोर्टर- नीताकेशरी श्रेष्ठ। विषय- बौद्ध र अबौद्ध दृष्टिकोण

यसदिन पूज्य भिक्षु अश्वघोषले "बौद्ध र अबौद्ध दृष्टिकोण विषयमा प्रवचन गर्नु हुँदै भन्नु भयो- बुद्धका मूल शिक्षा हो।

**सब्बपापस्स अकरणं कुसलस्स उपसम्पदा**
**सचित्त परियोदपनं एतं बुद्धानुसासनं।**

भाव अर्थ- कुनै प्रकारको अरुलाई अहित हुने काम नगर्ने, राम्रो काम गर्ने अर्थात पुण्य संचय गर्ने र आफ्नो चित्त शुद्ध राख्ने। यो बुद्धको शिक्षा हो।

यहाँ बुझ्नुपर्ने कुरा के छ भने पाप कर्म नगरेर मात्र पुग्दैन र पुण्यकर्म गरेर मात्र पनि पर्याप्त हुँदोरहेन छ। मुख्य कुरोत आफ्नो चित्त शुद्ध हुनु पर्दो रहेछ।

अबौद्ध दृष्टिकोणले के भन्छ, पाप कर्म गरि हाले पनि एक पटक धर्म कर्म गरे त्यो पाप कट्छ। तर बुद्धको शिक्षा अनुसार चित्त शुद्ध नभइकन जति पुण्य कर्म गरे पनि पापबाट मुक्त हुन सकिदैन। पाप कर्म गरि सकेपछि पश्चाताप महसूस गर्नु पर्छ। मैले गरेको काम


Downloaded from http://www.dhamma.digital

र बोलेको कुरा तथा मनले चिताएको ठीक रहनेछ। अत: म आइन्दा यस्तो नराम्रो काम गर्दिन भनी प्रतीज्ञा गरेर सदाको लागि असल मान्छे बन्न सके उसले गरेको पाप कट्न सक्छ। यो बौद्ध दृष्टिकोण हो अर्थात बुद्धको विचार हो।

**२०५७ वैशाख १७ गते, धर्मकीर्ति विहार।**

रिपोर्टर - श्यामलाल चित्रकार

विषय - **कसको धर्म सत्य हो ?**

उक्त दिन वक्ता श्री सोभियत रत्न तुलाधरले "कस्को धर्म सत्य हो ?" विषयमा प्रवचन दिनु भएको थियो। विषय साम्है गहन भएकोले छोटो समयमा विस्तृत विवेचना गरी समाधानको आशा गर्न सकिने कुरा भएन। साथै वक्ताले धर्मको परिभाषामा पनि चर्चा गर्नु भएन। प्रश्नको जवाफ तिर भन्दा कक्षामा प्रस्तुत गरिएको कुराहरूको संक्षिप्त विवरण मात्र तल प्रस्तुत गरिएको छ।

इसाई धर्मका प्रवर्तक जेसुस खिष्टले आफू ईश्वरको दूत भनि दावि गर्नु भएको थियो। ईश्वर प्रति विश्वास राखेमा स्वर्ग जान्छ नत्र नर्क जान्छ भनि उहाँ भन्नु हुन्थ्यो। त्यस्तै मुस्लीम धर्मका प्रवर्त्तक मोहम्मद नवीले पनि आफुलाई ईश्वरको अन्तिम दूत भन्नु हुन्थ्यो। श्रीमद्भगवत गीतामा कृष्ण स्वयं परम ईश्वर भनिएको छ। कृष्णको शरणमा गएमा मोक्ष प्राप्त हुन्छ। साथै संसारमा जेजति घटना हुन्छ र श्रृष्टि हुन्छ त्यो सबै कृष्णकै लिला भनिन्छ।

तर बुद्ध धर्मका प्रवर्तक भगवान बुद्धले आफुलाई कहिले पनि ईश्वर वा ईश्वरको दूत भन्नु भएन। भगवान बुद्ध हेतुवादको प्रवर्तक हुनु हुन्छ र प्रमाण नभएको र तर्कहीन कुरामा नअलमलिने उपदेश दिनु हुन्थ्यो। भगवान बुद्ध मोक्षदाता होइन पथपदर्शक मात्र हो। आ-आफ्नो कर्म अनुसार फल प्राप्त हुन्छ। कसैले वरदान दिएर पाउने र कसैले सराप दिएर हरण हुने होइन। आफ्नो मालिक आफै हो भनि भगवान बुद्ध भन्नु हुन्छ। भगवान बुद्धले चित्त र आचरण शुद्ध गर्ने आर्य अष्टाङ्गिक मार्ग सिकाउनु हुन्थ्यो। तर कहिले पनि मैले भनेको बाटो हिंड्नु पर्छ भनि करकाप गर्नु हुन्नथ्यो। स्वतन्त्र चिन्तन बुद्ध धर्मको विशेषता हो। कालम सुत्रमा बुद्ध आफैले भनेको कुरामा पनि आँखा चिम्लेर विश्वास गर्नु पर्दैन भनि बुद्धले भन्नु भएको छ। बुद्ध धर्ममा जाति भेदको कुरा छैन। बुद्ध धर्ममा उल्लेखित सम्पूर्ण कुरा मानव कल्याण र शान्तीका लागि भएकोले भगवान बुद्धलाई इश्वर नभनी महामानव र शान्तीका अग्रदूत मात्र भनिन्छ।

माथिका केहि कुराहरूबाट हामीले पनि यति भन्न सकिन्छ कि असल कुरा हो भने जो सुकैले भने पनि सत्य हो र ग्रहण गर्न योग्य छ। खराव कुरा हो भने असत्य हुन्छ र सो कुरालाई त्यागनु पर्छ। हाम्रो विवेक बुद्धीलाई अभिवृद्धी गरी सही मार्गमा लाग्न सकौं। यसैमा सबैको भलो हुन्छ।

**२०५७ वैशाख २४ गते।**

रिपोर्टर - विमला शाक्य। विषय- **बुद्धको शिक्षा**

यसदिन पूज्य भिक्षु अश्वघोष महास्थविरले बुद्धको शिक्षा विषयमा व्याख्या गर्नुहुँदै भन्नुभयो बुद्ध शिक्षाको मुख्य उद्देश्य नै चित्त शुद्ध गर्नु हो।

**सब्ब पापस्स अकरणं कुसलस्स उपसम्पदा**
**सचित्त परियोदपनं यतं बुद्धानु सासनं।**

खराव कार्यहरू सबै नगर्ने, राम्रा कार्यहरू गर्ने र आफ्नो चित्त परिशुद्ध गर्ने, यी नै बुद्धहरूको शिक्षा हो।

यस गाथा भित्र संक्षिप्त रूपमा सबै त्रिपिटक गाभिएको छ। मैले पाप कर्म गरेको छैन, पुण्य कर्म मात्र गरेको छु भनेर पुग्दैन आफ्नो चित्त शुद्ध नभईकन पुण्य प्राप्त गर्न सकिदैन। अर्थात् आफु निर्वाण (मुक्त अवस्था) मा पुग्न सकिदैन।

विद्वान भई भाषण गर्न जानेर, चीवर पहिरेर भिक्षु भएपनि प्रवचन गर्न जानेतापनि मन शुद्ध नभईकन त्यस व्यक्तिले मानसिक शान्ति प्राप्त गर्न सकिदैन।

हामीलाई भौतिक सुविधाको साथसाथै आध्यात्मिक सुविधा प्राप्त गर्नको लागि चित्तलाई पापकर्महरूबाट टाढा राख्न सक्नु पर्छ।

**पाप कर्म भनेको के हो त ?**

१. प्राणी हिंसा २. चोरी ३. यौन दुराचार ४. अरुलाई बिगार्ने नियतले झूठा कुरा गर्ने ५. अरुलाई झगडा गराउने ६. कडा बचन प्रयोग गर्ने ७. कामनलाग्ने बकवास गर्ने ८. गहिरिएर दृढ लोभ गर्ने ९. बदला लिने भावना जगाउने १०. मिथ्या दृष्टि

**कुशल कर्म -**

१. दान २. शील ३. भावना ४. आदर गौरव राख्न योग्य व्यक्तिलाई आदर गौरव राख्ने ५. अरुप्रति सेवा भाव राख्ने ६. पुण्य दान गर्ने ७. पुण्य अनुमोदन गर्ने ८. धर्म सम्बन्धि कुराहरू सुन्ने ९. धर्मसम्बन्धी कुराहरू भन्ने १०. आफ्नो दृष्टि ठीक राख्ने।


Downloaded from http://www.dhamma.digital

**वार्षिकोत्सव**

२०५७ जेठ ७ गते चैनपुर बौद्ध महिला संघको १५ औं वार्षिकोत्सव सम्पन्न भएको छ। श्री बोधिसत्त्व विहारमा संघका सचिव सुश्री निलीमा शाक्यले संचालन गर्नुभएको उक्त कार्यक्रममा शील प्रार्थना पछि विमला देवानले स्वागत भाषण गर्नु भएको थियो । उक्त कार्यक्रममा विभिन्न वक्ताहरूले आ-आफ्नो मन्तव्यहरू व्यक्त गर्नुभएका थिए । वक्ताहरूको नाम यसरी रहेका छन्- संघका उपाध्यक्ष सुश्री दिल कुमारी शाक्य, चन्द्र ज्योति शाक्य, धर्मोदय सभाका अध्यक्ष गंगा शाक्य, प्रमोद शाक्य सुधन शाक्य, आदि ।

यस कार्यक्रममा भिक्षु विशुद्धानन्द द्वारा लिखित बौद्ध भजन जनार्दन नेपाल, पासाङ वल, प्रमोद शाक्य, कमल शाक्यबाट प्रस्तुत गरिएको थियो । संघका अध्यक्ष सुश्री सुमना देवी शाक्यले संघको उद्देश्य, यसको गतिविधि चिनारी दिनु हुँदै सम्पूर्ण मान्यजनहरूको अमूल्य सुझाव र सहयोगको लागि स्वागत र धन्यवाद सहित सभा विसर्जन गर्नुभयो ।

**संयुक्त राष्ट्र संघले २५४४ औं बैशाख बुद्ध पूर्णिमा देखि लागू हुने गरी प्रत्येक बैशाख पूर्णिमाका दिन बिदा दिने घोषणा गरेको एजेण्डा आइटम १७४ अनुसार उक्त संघले जारी गरेको पत्र यसरी रहेको छ -**

United Nations

# General Assembly

Distr.: Limited
13 December 1999

Original English

Fifty-fourth session
Agenda item 174
International recognition of the Day of Vesak

Bangladesh, Bhutan, Cambodia, Chile, Cyprus, Grenada, Iceland, India, Indonesia, Ireland, Lao People's Democratic Republic, Maldives, mongolia, Myanmar, Nepal, Pakistan, Philippines, Portugal, Republic of Korea, Russian Federation, Seychelles, Slovakia, Spain, Sri Lanka, Suriname, Thailand and Ukraine: draft resolution

**International recognition of the Day of Vesak at United Nations Headquarters and other United Nations Offices**

*The General Assembly,*

*Acknowledging* the hope expressed by the International Buddhist Conference, held in Sri Lanka in November 1998, that the Day of Vesak, the Day of the Full Moon in the month of May each year, be internationally recognized and, in particular, at United Nations Headquarters and other United Nations offices.

*Recognizing* that the Day of the Full Moon in the month of May each year is the day most sacred to Buddhists, who commemorate, on that day, the birth of the Buddha, his attainment of enlightenment and his passing away.

*Considering* that international recognitiion at United Nations Headquarters and other United Nations offices would constitute acknowledgement of the contribution that Buddhism, one of the oldest religions in the world, has made, for over two and a half millennia, and continues to make to the spirituality of humanity.

*Resolves* that, without cost to the United Nations, appropriate arrangements shall be made for international observances of Vesak at United Nations Headquarters and other United Nations offices, in consultation with the relevant United Nations offices and with permanent missions that also wish to be consulted.

99-38721 (E) 131299

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

## नेपाल अधिराज्यका विभिन्न जिल्लाहरूमा २५४४ औं बुद्ध पूर्णिमा महोत्सव सम्पन्न

नेपाल अधिराज्यका विभिन्न जिल्लाहरूमा २०५७ जेठ ५ गते तथा अन्य दिनहरूमा हर्षोल्लास पूर्वक विभिन्न कार्यक्रमहरू आयोजना गरी २५४४ औं बुद्ध पूर्णिमा महोत्सव मनाइएको समाचार प्राप्त भएको छ ।

१. सार्वजनिक बौद्ध सभा, आनन्द कुटी विहार, काठमाडौं

जेठ ५ गते । बुद्ध जयन्ती समारोह समितिद्वारा आनन्दकुटी विहार स्वयम्भूमा आयोजित सार्वजनिक बौद्ध सभालाई सम्बोधन गर्नुहुँदै समारोहका प्रमुख अतिथी प्रधानमन्त्री श्री गिरीजा प्रसाद कोइरालाले भगवान गौतम बुद्धद्वारा प्रतिपादित शान्ति, मित्रता र अहिंसाको सन्देशको महत्त्व वर्तमान सन्दर्भमा अझ बढेको छ भन्नुभयो ।

प्रधानमन्त्रीले हिंसा, आतंक र लुटपाट जस्ता अराजकताबाट ग्रसित वर्तमान अवस्थामा बुद्धका शान्ति र अहिंसाको भावनालाई गम्भिरतापूर्वक मनन गर्नुपर्ने आवश्यकतालाई औंल्याउँदै एशियाकै ज्योतीका रुपमा प्रसिद्ध गौतम बुद्धको दर्शन, चिन्तन र सन्देशलाई हामीले कार्य रूपमा उतार्न सक्नुपर्छ भन्नुभयो ।

यसरी नै उहाँले जुन देशमा बुद्धको जन्म भयो, त्यही देशमा हत्या हिंसा र आतंक जस्ता गतिविधि बढ्नु चिन्ताको विषय हो भन्नुहुँदै शान्तिको सन्देशलाई विश्वमा फैलाउन एक भई राष्ट्र निर्माणमा सहभागी हुन सम्पूर्ण नेपालीलाई आह्वान गर्नुभयो ।

प्रधानमन्त्री कोइरालाले बुद्ध पूर्णिमाको उपलक्षमा आयोजित अन्तर माध्यमिक विद्यालय स्तरिय हाजिरी जवाफ प्रतियोगितामा प्रथम हुने कन्या मन्दिर उच्च मा.वि.लाई रनिङ्ग शिल्ड प्रदान गर्नुका साथै विभिन्न प्रतियोगितामा विजयी हुनेलाई पुरस्कार एवम् प्रमाणपत्र प्रदान गर्नुभएको थियो ।

श्री ५ महाराजाधिराजबाट २५४४ औं बुद्ध जयन्ती समारोह समितिलाई एक सन्देश पठाइबक्सी सत्य, अहिंसा र शान्ति जस्ता भगवान् गौतम बुद्धका उपदेशलाई राष्ट्रिय हित र मानव कल्याणका लागि व्यवहार र आचरणमा उतार्न आजको यस दिवसले सबैलाई प्रेरित गरोस् भन्ने शुभकामना व्यक्त गरिबक्सेको छ ।

मौसुफबाट बक्सेको सो सन्देश उक्त सभामा पढेर सुनाइएको थियो ।

बुद्ध जयन्ती समारोह समितिका अध्यक्ष भिक्षु सुदर्शन महास्थविरको सभापतित्त्वमा सम्पन्न सो कार्यक्रममा समितिका महासचिव श्यामकृष्ण मानन्धरले पनि बोल्नु भएको थियो ।

२. बुद्ध जयन्ती समारोह समितिकै आयोजनामा विभिन्न प्रसार माध्यम (रेडियो र टेलिभिजन) बाट सप्ताहव्यापी (२०५७ बैशाख २९ देखि जेठ ५ गते सम्म) बुद्ध वन्दना, शील, प्रार्थना धम्मपद गाथा वाचन, प्रवचन र धार्मिक छलफल आदि कार्यक्रमहरू प्रसार गरिएका थिए ।

यसको अलावा बु.ज.स.स.को आयोजनामा निबन्ध प्रतियोगिता रक्तदान, कवि गोष्ठी, हाजिरी जवाफ प्रतियोगिता आदि कार्यक्रमहरू सफलतापूर्वक संचालन गरिएका थिए ।

३. २५४४ औं बुद्ध पूर्णिमाको उपलक्ष्यमा जेठ ५ गते काठमाडौं नगर पालिका वडा नं २८ न:घल टोल स्थित श्रीघ: ज्ञानमाला भजन खल: द्वारा विभिन्न कार्यक्रम गरी भव्यताका साथ मनाइयो ।

यस उपलक्षमा श्रीघ: विहारबाट बुद्धको प्रतिमालाई भव्यरूपमा सजाइएको मोटरमा राखी विभिन्न बाजा गाजा सहित निस्केको जुलुसले नगर परिक्रमा गरी पुन: श्रीघ: विहार पुगी विसर्जन गरिएको थियो । उक्त जुलुसमा भक्तजन, धर्मकीर्ति विहारका गुरुमांहरू तथा उपासक उपासिकाहरू पनि सम्मिलित थिए ।

यसका अतिरिक्त बैशाख ३० गते देखि जेठ ४ गते सम्म विभिन्न स्थानहरूमा गई सप्ताहव्यापी ज्ञानमाला भजन कार्य सम्पन्न गरिएको थियो भने बुद्ध पूर्णिमाको दिन बिहान व्याच वितरण, ज्ञानमाला भजन श्रवण गरिनुका साथै बेलुकी श्रीघ: चैत्यमा दीपावली पनि गरिएको थियो ।

४. जेठ ४ गते । गौतम बुद्धको २५४४ औं बुद्ध पूर्णिमा र वर्धमान महावीरको २५९९ औं जन्म जयन्तीको उपलक्षमा डा. डिल्लीरमण रेग्मी कोषद्वारा


Downloaded from http://www.dhamma.digital

एक कार्यक्रमको आयोजना गरिएको समाचार छ । डा. डिल्लीरमण रेग्मीको सभापतित्त्वमा संचालित उक्त कार्यक्रममा राजपरिषद स्थायी समितिका सभापति डा. केशरजंङ्ग रायमाझी, उपप्रधानमन्त्री र स्थानिय विकास मन्त्री रामचन्द्र पौडेल, पूर्व प्रधानमन्त्री लोकेन्द्र बहादुर चन्द, राष्ट्रिय सभाका पूर्व अध्यक्ष वेनीबहादुर कार्की, डिल्ली रमण रेग्मी लगायत त्रि.बि.बि. का पूर्व उपकुलपती महेशकुमार उपाध्याय र डा. मोहन लोहनी आदिले आ-आफ्नो मन्तब्य ब्यक्त गर्नु भएका थिए ।

५. रा.स.स.बाट प्राप्त समाचार अनुसार स्थानीय विकास राज्यमन्त्री सुरेश मल्लले २५४४ औं बुद्ध पूर्णिमा तथा दशदिने तामाङ्ग लिपी प्रशिक्षणको समापन समारोहमा प्रशिक्षार्थीहरूलाई काठमाडौंमा प्रमाण पत्र वितरण । (साभार गो.प.)

६. नेकपा मालेका महासचिव वामदेव गौतमले २५४४ औं बुद्धपूर्णिमाको उपलक्षमा नेपाल तथा विश्वभर छरिएर रहेका बौद्ध धर्मावलम्बी जनसमुदाय तथा अहिंसा र शान्ति प्रति अटल विश्वास राख्ने बौद्ध दर्शनका सम्पूर्ण अनुयायीहरू प्रति शान्ति र प्रगतिका निम्ति हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्नु भएको छ । (साभार गो.प.)

**७. लुम्बिनी, जेठ ५ गते ।**

वि.सं. २०५५ मा लुम्बिनीमा सम्पन्न भएको विश्व बौद्ध शिखर सम्मेलनले प्रत्येक वर्ष बुद्ध पूर्णिमाको दिनलाई लुम्बिनी दिवसको रुपमा मनाउने प्रस्ताव पारित गरे अनुरुप मनाइएको २५४४ औं बुद्ध पूर्णिमा तथा लुम्बिनी दिवसको सँस्कृती, पर्यटन तथा नागरिक उड्डयन मन्त्री तारिणीदत्त चटौतले उद्‌घाटन गर्नुभयो ।

श्री ५ महाराजाधिराज सरकारबाट यसै उपलक्षमा एक सन्देश पठाइबक्सी बुद्ध पूर्णिमा महोत्सवलाई गत वर्षदेखि लुम्बिनी विकास कोषको आयोजनामा लुम्बिनी दिवसको रूपमा मनाउने कार्यक्रम राखिएकोमा खुशी ब्यक्त गरिवक्सँदै कार्यक्रमको सफलताको कामना गरिबक्सेको छ ।

प्रधानमन्त्री गिरीजाप्रसाद कोइरालाले सो उपलक्षमा एक सन्देश पठाउनु भई लुम्बिनी बिकास कोषले २५४४ औं बुद्ध पूर्णिमालाई लुम्बिनी दिवसको रुपमा मनाउने निर्णय गरेकोमा खुशी ब्यक्त गर्नु भएको छ ।

उक्त सन्देशमा उहाँले गौतम बुद्धको शान्ति र अहिंसावादी दर्शन वर्तमान विश्वमा देखिएको हिंसा हत्या र आतङ्कको अन्त्य गरी मानव जातीमा शान्तिको आशा र विश्वास जगाउन सफल हुने विश्वास ब्यक्त गर्नु भएको छ ।

श्री कोइरालाले एशियाका ज्योती र बुद्ध दर्शनमा प्रणेता भगवान गौतम बुद्धको जन्म जयन्तीलाई लुम्बिनी दिवसको रुपमा मनाउने लुम्बिनी बिकास कोषको भावनाको कदर गर्दै कार्यक्रमको सफलताको कामना गर्नु भएको थियो ।

उक्त एकदिन सर्वसाधारणका लागि मायादेवी मन्दिरको मुख्य गर्भ गृह खुल्ला गरिएको थियो ।

उक्त अवसरमा गौतम बुद्धसंग सम्बन्धित विभिन्न २० थरीका सँस्कृती झल्काउने झाँकीले लुम्बिनी परिसर परिक्रमा गरिएको थियो भने साँझपख लुम्बिनी परिसरमा हजारौं दीप प्रज्ज्वलन गरिएको थियो ।

स्मरणिय छ, वि.सं. २०५४ सालमा लुम्बिनी क्षेत्र विश्व सम्पदा सूचीमा सुचीकृत भएको थियो ।

समारोहलाई सम्बोधन गर्नुहुँदै सँस्कृती पर्यटन तथा नागरिक उड्डयन मन्त्री तारिणीदत्त चटौतले गौतम बुद्धका सन्देश विश्व शान्तिका लागि मार्गदर्शक रहेको, लुम्बिनी विश्व बौद्ध धर्मावलम्बीहरूको आस्थाको केन्द्र रहेको उल्लेख गर्नुहुँदै लुम्बिनीको विकास गर्न श्री ५ को सरकार सदैव प्रयत्नशील रहने कुरो बताउनु भयो ।

सोही दिन मन्त्री चटौतले लुम्बिनीमा प्रदूषण रहित सफा टेम्पोको उद्‌घाटन गर्नु भएको थियो ।

लुम्बिनी विकास कोषका उपाध्यक्ष गजेन्द्र कुमार लामाले मायादेवी मन्दिरको उत्खनन् कार्य सम्पन्न भइसकेको र मन्दिर निर्माण हुन नसकेको अवस्थामा जापान बुद्धिष्ट फेडरेसन र सरकारले संयुक्त रूपमा बुद्ध पूर्णिमाकै दिन मायादेवी मन्दिर प्रारिम्भक संरक्षण कार्य शुरु गरिएको जानकारी दिनु भएको थियो ।

उक्त समारोहमा मायादेवी मन्दिर निर्माणका लागि नेपालले प्रस्ताव गरेको ढाँचामा मन्दिर बनाउन लुम्बिनी विकास कोषका तीनजवान, श्री ५ को सरकार का दुईजवान, जापान बुद्धिष्ट फेडरेसनका तीनजवान र धर्मोदय सभाका एकजवान प्रतिनिधि रहेको एक निर्देशन समिति बनाइएको कुरा लुम्बिनी विकास कोषका सदस्य सचिव आङ्गदावा शेर्पाले जानकारी दिनु भएको थियो ।

सोही अवसरमा म्यानमारका राजदूत उ टिन विनले लुम्बिनी विश्व शान्तिको मुहान भएकोले लुम्बिनीबाट नै विश्वमा शान्तिको सन्देश फैलिएको कुरा बताउनु भयो ।

धर्मोदय सभाका अध्यक्ष लोकदर्शन बज्राचार्यले मायादेवी मन्दिरको निर्माण कार्य तदारुकताकासाथ सम्पन्न गर्नुपर्ने कुरा बताउनु भयो । पण्डित बद्रीरत्न


Downloaded from http://www.dhamma.digital

बज्राचार्यले मायादेवीको मन्दिर निर्माण हुन नसकिर हेकोमा दु:ख प्रकट गर्नु हुँदै सरकारले मन्दिर बनाउने कार्यमा छिटो कदम चालोस् भन्ने कामना गर्नुभयो ।

उक्त अवसरमा मन्त्री चटौतले बुद्ध पूर्णिमाको अवसरमा आयोजित विभिन्न प्रतियोगिताहरूमा विजयी व्यक्तिहरूलाई पुरस्कार तथा प्रमाण पत्र प्रदान गर्नु भएको थियो ।

**नेपालजंगज, जेठ ५ गते ।**

बाँकेको वागेश्वरी गा.वि.स. २ मा २५४४ औं बुद्ध पूर्णिमाको उपलक्षमा बुद्ध मूर्ति स्थापना गरिएको समाचार छ । पुनर्वास कम्पनीका तत्कालीन व्यवस्थापक दिनेशराज शर्माले २०३५ सालतिर ल्याउनुभएको उक्त मूर्ति राख्न निर्माण गरिएको गुम्वा र चौतारोको लागत करिव २० हजार रुपैयाँ लागेको स्थानीय समाजसेवी रेशम जिसीले बताउनु भएको छ ।

**बनेपा, बैशाख २८ गते ।**

२५४४ औं बुद्ध पूर्णिमाको उपलक्षमा शिद्धार्थ युवा बौद्ध संघ बनेपाको आयोजनामा रक्तदान कार्यक्रमको आयोजना गरिएको थियो । जम्मा ५३ जवान रक्तदाताहरूले रक्तदान गरिएको सो कार्यक्रममा धर्मोदय सभा काभ्रे बनेपाको सक्रिय सहभागिता रहेको कुरा बुझिएको छ ।

**दुनै (डोल्पा)**

२५४४ औं बुद्ध पूर्णिमाको उपलक्षमा डोल्पा जिल्ला स्थित राप्ती सेवा समाजले सरस्वती उच्च माध्यिमिक विद्यालय दुनैको प्रांगणमा "नेपालको गौरव र गौतम बुद्ध विषयक निबन्ध प्रतियोगिताको आयोजना गरेको समाचार छ । प्राप्त समाचार अनुसार प्रतियोगितामा सरस्वती उच्च मा.बि. दुनैका ९ जवान छात्रछात्राले भाग लिएका थिए भने प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुनेहरूमा क्रमश: जगबहादुर बूढा, कमलबहादुर रोकाया, गीता जिसी र कमला उखेडा रहेका छन् । निबन्ध प्रतियोगिताका विजेता छात्रछात्राहरूलाई समारोहका प्रमुख अतिथि सहायक प्रमुख जिल्ला अधिकारी रामुराज उपाध्याय, अतिथिहरू जिल्ला शिक्षा अधिकारी कृष्ण कार्की, सरस्वती उच्च मा.वि.का प्रधानाध्यापक गंगाप्रसाद उपाध्यायले विभिन्न वस्तुहरू, पुरस्कार र प्रमाणपत्र वितरण गर्नु भएको थियो ।

**नवलपरासी जिल्ला रामग्राम, २०५७ जेठ ५ गते ।**

नवल परासी जिल्ला, राम ग्राम नगरपालिकामा वडा नं ७ मा वडाका अध्यक्ष श्री भभुती यादवज्यूको अध्यक्षतामा २५४४ औं बुद्ध पूर्णिमा महोत्सव मनाइएको समाचार छ । श्री राष्ट्रपालको संयोजकत्त्वमा संचालित उक्त कार्यक्रममा संयोजक ज्यूले बुद्ध जीवनी र बुद्ध शिक्षामा आधारित पञ्चशील विषयमा बिश्लेषण गर्नु भएको थियो । यही शिलसिलामा कार्यक्रमका प्रमुख अतिथी रामग्राम नगर पालिकाका मेयर श्री शिव शंकर राय, भगवान दास, गोपी प्रसाद हरिजन, राजकुमार महरा (सिराहा), विनोद कुमार गौतम र नारद यादव आदिले पनि बुद्ध जीवनीमा आधारित आ-आफ्नो मन्तव्यहरू व्यक्त गर्नु भएका थिए । श्री इन्द्रजीत प्रसाद हरिजनले संचालन गर्नु भएको उक्त कार्यक्रम श्री भभूती यादबले विसर्जन गर्नु भएको थियो । उजैनी गाउँको बुद्ध पूर्णिमा समारोहमा बुद्ध प्रतिमा रिक्शामा राखी नगर परिक्रमा गरिएको थियो । उक्त कार्यक्रममा काठमाडौं निवासी श्री कुल वहादुर शाक्य विशेष अतिथीको रुपमा सहभागी हुनु भएका थिए ।

**कीर्तिपुर त्रि.बि.बि. "त्रि-बोधि" को विमोचन**

२५४४ औं बुद्ध जयन्तिको उपलक्षमा त्रिभुवन विश्व विद्यालय कीर्तिपुरमा पोष्ट ग्राज्युएट डिप्लोमा इन बुद्धिष्ट स्टडिज का विद्यार्थिहरूका तर्फबाट प्रकाशित "त्रि-बोधि" बौद्धविशेषाङ्कको त्रि.वि. मानविकि तथा सामाजिक शास्त्र संकायका डीन डा. त्रिरत्न मानन्धरले वि.सं. २०५७/२/४ कादिन एक समारोहमा विमोचन गर्नु भयो । विमोचन मन्तब्य दिंदै डा. मानन्धरले बौद्ध दर्शनको अध्यापन शुरू भएकोले अव भविष्यमा एम.ए., पि. एच.डी. स्तरको कार्यक्रम संचालन गर्न मद्दत पुग्ने विचार ब्यक्त गर्नु भयो ।

सभापतिको आशनबाट बोल्नु हुँदै विभागीय प्रमुख प्रा. डा. राम निवास पाण्डेले धेरै अगाड़िदेखि प्रयास भएतापनि यसै शैक्षिक सत्र देखि बौद्ध दर्शनको कक्षा संचालन सफल भएकोमा खुशी ब्यक्त गर्नु भयो ।

राजेन्द्र बज्राचार्यबाट संचालन भएको उक्त कार्यक्रममा सम्पादक मण्डलको तर्फबाट बोल्नु हुँदै तीर्थ रत्न शाक्यले पत्रिका प्रकाशनको उद्देश्यबारे प्रकाश पार्नु भयो । ब्यवस्थापन समूहको तर्फबाट बोल्नु हुँदै भिक्षु पञ्ञामूर्तिले विशेषाङ्कको नाम 'त्रि-बोधि" राख्नुको कारण बारे प्रकाश पार्नु भयो ।

**बिराटनगर**

युवा बौद्ध संघ विराट नगर स्थित बुद्ध जयन्ती समारोह समितीद्वारा आयोजित साप्ताहिक कार्यक्रम अन्तर्गत यस संघद्वारा जेठ ३ र ४ गते बिराटनगर



Downloaded from http://www.dhamma.digital

अन्तर मा. वि. स्तरिय बौद्ध हाजिरी जवाफ प्रतियोगिता तथा चित्र कला प्रतियोगिता आयोजना गरिएको समाचार छ ।

यस वर्ष देखि हाजिरी जवाफ प्रतियोगितामा रनिङ्ग शिल्डको व्यवस्था गरिएको बुझिएको छ । उपासिका संघद्वारा बुद्ध पूजा एवं श्रद्धेय भिक्षु शोभनद्वारा पंचशील प्रार्थना गराइ कार्यक्रम शुभारम्भ गरिएको थियो ।

छैठौं बौद्ध हाजिरी जवाफ प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय स्थान प्राप्त गर्नु हुने बिद्यालय र स्कुलहरूमा क्रमश:

(१) श्री पोखरिया मा.वि. (२) श्री गौतम बुद्ध मे. से. स्कुल र (३) श्री देवकोटा मे. स्कुल थिए ।

तेश्रो बौद्ध चित्रकला प्रतियोगितामा (१) सुश्री चन्द्रकला राई (देवकोटा मे. स्कूल) (२) श्री अभिषेक तापरिया (देवकोटा में स्कुल) (३) सुश्री किमी राई (जानकी ई बो. स्कुल) र (४) अरनिको उ. मा. वि. हरूले क्रमश: प्रथम, द्वितीय, तृतीय र सान्त्वना पुरस्कार प्राप्त गर्नु भएका थिए ।

श्रद्धेय भिक्षु शोभनको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रमका अतिथि विराट बौद्ध संघका उपाध्यक्ष श्री मोहन शाक्य, श्री लालधन शाक्य, उपासिका संघका अध्यक्ष श्रीमती लक्ष्मी प्रधान आदि हुनुहुन्थ्यो ।

बिराटनगर उप-महानगर पालिकाका मेयर श्री रमेशचन्द पौडेल ज्यूबाट बिजयी बिद्यालयहरूलाई पुरस्कार बितरण गर्नु भएको थियो ।

**त्रिशुली : २०५७ जेठ ५ गते**

२५४४ औं बुद्ध पूर्णिमाको उपलक्षमा सुगत बौद्ध मण्डल त्रिशुलीको आयोजनामा त्रिरत्न वन्दना, पञ्चशील प्रार्थना र भिक्षु वरसम्बोधीबाट धर्मदेशना गर्नु भएका थियो । उक्त समारोहमा समाज सेवी श्री रामहरी रिमाल, विदुर नगरपालिका वडा नं १० का अध्यक्ष श्री गौरी दास जोशी, सुगत बौद्ध मण्डलका अध्यक्ष बोधीरत्न शाक्यले आ-आफ्नो मन्तब्य ब्यक्त गर्नुभएका थिए । सोही दिन अपराण्ह भगवान गौतम बुद्धको मूर्ति रथमा सजाई बाजा गाजा सहित बजार परिक्रमा गरिसकेपछि सुगतपुर विहारमा पुगेपछि समापन गरिएको थियो ।

साँझपख प्रदीप पूजा र ध्यान भावनाको कार्यक्रम संचालन गरिएको थियो ।

**शाक्यमुनी विहार टक्सार ५ भोजपुर**

२५४४ औं बुद्ध पूर्णिमाको उपलक्षमा शाक्यमुनी बौद्ध संघ टक्सार भोजपूरको संयोजकत्वमा १७ सदस्यिय बुद्ध जयन्ती समारोह समिति २०५७ गठन गरी सप्ताहब्यापी बुद्ध पूर्णिमा महोत्सव मनाइएको समाचार छ ।

समितिका कार्यकारिणी सदस्यहरूको नामावली अध्यक्ष - देवराज शाकय, सचिव-प्रकाश चन्द्र शाक्य, सहसचिव-महेन्द्र शाक्य, कोषाध्यक्ष- डम्बर बहादुर शाक्य, सदस्यहरू-देवकुमार शाक्य, लोकनाथ शाक्य, अमृका ताम्राकार, कर्णकुमारी शाक्य, गौतम नाथ शाक्य, प्रेम शाक्य, धर्मज्योती शाक्य, कुमुद श्रेष्ठ, शंकर शाक्य, मैया शाक्य, कृष्ण कुमारी ताम्राकार, बुद्ध लक्ष्मी शाक्य र सुमन शाक्य आदि ।

सप्ताहब्यापी बुद्ध पूर्णिमा महोत्सवको सिलसिलामा प्रत्येक दिन ज्ञानमाला भजन र बुद्ध पूजा गरिएको थियो भने जेठ २ गते देखि प्रमुख अतिथी भिक्षु संघरक्षितबाट धर्म देशना भएको थियो । यसको अतिरिक्त टक्सार बजार सफाई, शान्तिपद यात्रा, कल्पवृक्ष दान, हस्पिटलका बिरामीहरूलाई बिस्कुट र फलफुल दान, बौद्ध हाजिरी जवाफ प्रतियोगिता आदि कार्यक्रमहरू पनि संचालन गरिएको थियो । हाजिरी जवाफ प्रतियोगितामा भाग लिएका पाँच टोलीहरू मध्ये बैलोचन टोली प्रथम र अमोघ सिद्धी दोश्रो भएका थिए ।

बुद्ध पूर्णिमाको दिन बुद्ध पूजा र प्रमुख अतिथी भिक्षु संघरक्षितबाट धर्मदेशना कार्यक्रम समापन पश्चात् दिउँसो शाक्यमुनी बिहारबाट विभिन्न बाजा गाजा सहित बुद्ध प्रतिमा रथमा राखी टक्सार बजारमा शोभायात्रा गरी शाक्यमुनी विहारमा पुगी धर्म सभामा परिणत गरिएको थियो ।

बुद्ध जयन्ती समारोह समितीका अध्यक्ष श्री देवराज शाक्यको अध्यक्षतामा श्री प्रकाश चन्द्र शाक्यले संचालन गर्नु भएको उक्त धर्म सभामा बोल्नु हुँदै श्री रोहित श्रेष्ठले ऐतिहासिक स्थलको संरक्षण गर्ने उद्देश्यले विहारको निर्माण र मर्मतको निमित्त गा.वि.स.ले रु. २०,०००/- छुत्याइएको जानकारी दिनुभयो । यसरी नै अर्का वक्ता घरेलु अधिकृतले बुद्ध धर्म ब्यवहारिक धर्म भएको कुरा बताउनु भयो । प्रमुख अतिथी भिक्षु संघरक्षितले धर्म देशनाको क्रममा मानिसले आफ्नो आचरणमा सुधार ल्याउनु पर्छ, आफूले गरेका कार्य कुशल हो वा अकुशल हो त्यसलाई मनले विश्लेषण गरी अकुशल रहेछ भने त्यसलाई त्यागी कुशल रहेछ भने अभिवृद्धी गर्दै लानु पर्छ । बुद्ध शिक्षालाई अध्ययन गरी ब्यवहारमा उतार्न सक्यौं भने मात्र हामीले बुद्ध प्रति श्रद्धा ब्यक्त गरेको ठहरिनेछ । जसले धर्मलाई चिन्छ उसले मात्र बुद्धलाई चिन्दछ भन्नुभयो ।



Downloaded from http://www.dhamma.digital

सहसचिव महेन्द्र शाक्यले स्वागत भाषण गर्नु भएको उक्त कार्यक्रममा कोषाध्यक्ष श्री डम्बर बहादुर शाक्यले बुद्ध जयन्तीको आय व्ययको हिसाव प्रस्तुत गर्नु भयो ।

**मकवानपुर, २०५७ जेठ ७ गते ।**

२५४४ औं बुद्ध पूर्णिमाको उपलक्षमा ल्यायम्ह पुच: मकवानपुरको आयोजनामा रक्तदान कार्यक्रम सम्पन्न गरिएको समाचार छ । जम्मा ६८ जवान रक्तदाताहरूले रक्तदान गरिएको उक्त कार्यक्रम धनश्याम अमात्यको सभापतित्त्वमा, चन्दुप घुर्मे लामाको प्रमुख आतिस्थ्यमा र शरद कसा:को आतिथ्यमा सम्पन्न भएको थियो ।

मकवानपुरमा यो पहिलो पटक सम्पन्न भएको रक्तदान कार्यक्रम भएको हुँदा उक्त कार्यक्रम प्रति स्थानिय जनतामा उत्प्रेरणा जगाउनको लागि काठमाडौंबाट एक वस रिजर्भ गरी ४४ जवान युवाहरूको समूह प्रस्थान गरेका थिए ।

यस कार्यक्रमको सम्पूर्ण कार्यभार सम्हाल्ने प्रमुख कार्यकर्ता प्रेमसागर कर्माचार्यले यस पटकको रक्तदान सहित ८२ औं पटकं रक्तदान गरेको कुरा उल्लेख भएको छ ।

**चितवन**

बौद्ध धर्म सेवा समिती भरतपुर चितवनका अध्यक्ष श्री देवेन्द्र गुरुङ्गको अध्यक्षतामा गरिएको निर्णय अनुसार २५४४ औं बुद्ध पूर्णिमा महोत्सव मनाउनका लागि श्री नारायण सिं गुरुङ्गको संयोजकत्त्वमा ४४ सदस्यिय बुद्ध जयन्ती समारोह समिति २०५७ गठन गरिएको थियो ।

उक्त आयोजक समितिको आयोजनामा जेठ ३ गते तिन खोले स्थित बुद्ध गुम्बा क्षेत्रमा विशेष सरसफाई, रक्तदान, शान्तीपद यात्रा, पञ्चशील प्रार्थना, त्रिरत्न वन्दना र धर्मदेशना आदि विविध कार्यक्रमहरू संचालन गरिएको छ ।

बुद्ध जयन्ती समारोह समितिमा गठित उपसमितिहरूका कार्यकर्ताहरूको नामावली यसरी उल्लेख गरिएका छन् ।

श्रीमती मीना गुरूङ्ग, श्री गुमान सिं गुरूङ्ग, श्री टक बहादुर गुरूङ्ग, श्रीमती विष्णु गुरूङ्ग, काईली, आचार्य भिक्षु लामा श्री जीत बहादुर गुरूङ्ग, श्री भिक्षु लामा छिमे दोर्जे, श्रीमती हरीमाया र श्री रामकृष्ण गुरूङ्ग आदि ।

**बनेपा, २०५७ जेठ ५ गते ।**

२५४४ औं बुद्ध जयन्ती समारोह समिति बनेपाको आयोजनामा बर्षेनि मनाई आए जस्तै यसपाली पनि भव्य रुपले बुद्ध पूर्णिमा महोत्सव मनाइएको समाचार प्राप्त भएको छ । स्थानिय सुदर्शन विहारबाट बुद्ध मूर्तिलाई सजाइएको खटमा राखी नगर परिक्रमा गरी चन्द्रकीर्ति विहारमा बुद्ध पूजा र धर्मदेशना गरी कार्यक्रम समापन गरिएको थियो । यसको अतिरिक्त यसपाली बुद्ध पूर्णिमाका उपलक्षमा मनाइएको पहिलो कार्यक्रमको रुपमा रक्तदान कार्यक्रम पनि समावेश गरिएको थियो ।

**बनेपा, २०५७ जेठ ५ गते ।**

वनेपा स्थित ध्यानकुटी बिहारको आयोजनामा २५४४ औं बुद्ध पूर्णिमाको उपलक्षमा स्थानिय बनेपा अस्पतालमा फलफुल तथा विस्कुत वितरण गरिएको थियो ।

**काठमाडौं, जेठ ५ गते ।**

२५४४ औं बुद्ध पूर्णिमाको उपलक्षमा "पिछडिएको समाज विकास मञ्च" द्वारा खुशीबुँ बौद्ध बिहारमा हालै नि:शुल्क स्वास्थ शिविरको आयोजना गरिएको समाचार छ ।

मञ्चकी अध्यक्ष श्रीमती शान्ता राईको सक्रियतामा आयोजना गरिएको सो स्वास्थ्य शिविरमा नाक, कान, घाँटी विशेषज्ञ डा. माधव प्रसाद दाहाल, डा. गौतमी शाक्य तथा वरिष्ठ स्वास्थ्य कर्मीहरूले विभिन्न अनाथ, असहाय स्थलमा रहेका बाल बालिका र जन साधारणको उपचार गरेका थिए ।

**तनहुँ, जेठ ५ गते ।**

तनहुँ जिल्लाको आँबु खैरेनी स्थित मर्स्याङ्दी नदीको किनारमा बुद्ध पूर्णिमाको उपलक्षमा बौद्ध गुम्बाको शिलान्यास गरिएको समाचार छ ।

बौद्ध सेवा सदन आँबु खैरेनीका अध्यक्ष बमबहादुर गुरुङ्गको अध्यक्षतामा सम्पन्न भएको समारोहमा ९८ वर्षिय तुलवीर गुरुङ्गले शिलान्यास गर्नु भएको थियो । उक्त गुम्बा निर्माण गर्न करीब १५ लाख लाग्ने अनुमान गरिएको छ ।

**श्री अमरापुर बुद्ध बिहार । जेठ ७ गते ।**

२५४४ औं बुद्ध पूर्णिमाको उपलक्षमा श्री अमरापुर बुद्ध विहारमा बौद्ध स्वास्थ्य समूह द्वारा नि:शुल्क स्वास्थ्य शिविर संचालन गरिएको समाचार छ । नाक, कान, घाँटी, दाँत र बाल रोग आदि विषयमा



Downloaded from http://www.dhamma.digital

जाँच गरिएको उक्त शिविरमा विशेष सहयोग पुऱ्याउनु हुने व्यक्तिहरूका नामावली यसरी रहेको छ ।

श्री अमरापुर बुद्ध विहार परिवारबाट सुजाता गुरुमां र चारुञाणी गुरुमां ।

यी बाहेक शिविरमा आवश्यक सहयोग गर्ने स्वयम् सेवकहरूको नामावली-

(१) बुद्ध लक्ष्मी शाक्य- दाँत रोग (२) शक्ति चन्द्र शाक्य - दाँत रोग (३) शान्त चन्द्र शाक्य -बाल रोग (४) गौतमी शाक्य- नाक, कान, घाँटी रोग । (५) विजय शाक्य (६) रविन्द्र शाक्य (७) सत्य रत्न शाक्य (८) अजय राज शाक्य (९) रचना वज्राचार्य (१०) अमीता नापित (११) सुनेना शाक्य (१२) पूर्ण चन्द्र शाक्य संयोजक ।

**कीर्तिपूर, जेठ ५ गते ।**

२५४४ औं बुद्ध पूर्णिमाको उपलक्षमा चिलंच्व विकास समितिको आयोजनामा चिलंच्व बहालमा नेत्रदान कार्यक्रम संचालन गरिएको समाचार छ । उक्त कार्यक्रममा भागलिई नेत्रदान गर्ने व्यक्तिहरू मध्ये बढि उमेरको व्यक्ति ७५ वर्षिय सन्तुमाया तण्डुकार र कम उमेरको व्यक्ति १८ वर्षिय विश्वमुनि बज्राचार्य समेत गरी जम्मा ६२ जवान व्यक्तिहरूले नेत्रदान गरेको कुरो बुझिएको छ ।

**भक्तपूर**

जेठ ४ गते युवा बौद्ध संघको आयोजनामा दीपंकर विहार देखि मैन बक्ति बाली मुनि विहारमा पुगी समापन । उक्त कार्यक्रममा भाग लिने सबैलाई धर्मरत्न शाक्यले धन्यवाद ज्ञापन गर्नु भएको थियो ।

जेठ ५ गते नगर परिक्रमा कार्यक्रम समापन पछि बुद्ध पूजा र ज्ञानमाला भजन पछि भिक्षु धम्मशोभनको तर्फबाट धर्मदेशना भएको थियो । यही क्रममा मैत्रीयुवा संघको आयोजनामा भक्तपुर अस्पतालमा विरामीहरूलाई फलफुल वितरण गरियो । मुनिविहारबाट शुरु गरिएको बुद्ध प्रतिमा सहितको रथ नगर परिक्रमा इनाच्वमा पुगी समापन गरिएको थियो । समापन कार्यक्रममा अध्यक्ष रामकृष्ण बैद्यले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

नगदेश बौद्ध समूह, धर्मोदय सभा मध्यपुर थिमि नगर शाखा र नगदेश ज्ञानमाला भजन खल:को संयुक्त आयोजनामा नगदेशमा बुद्ध पूजा । विहान धिमे बाजा बजाई ज्ञानमाला भजन गाइ उपासक उपासिकाहरूका साथ एशियन ईंग्लिस स्कुलका बिद्यार्थीहरूले नगर परिक्रमा गरी नगदेश बुद्ध बिहारमा पुगी समापन गरिएको थियो ।

**काठमाडौं जेठ ५ गते, नकर्मि समाज ।**

२५४४ औं बुद्ध पूर्णिमाको उपलक्षमा स्वयम्भूमा भक्तजनहरूप्रति सेवा भावनार्थ नकर्मि कल्याणकारी समाजले (मिनरल वाटर) पानी पिलाउने कार्यक्रम संचालन गरिएको समाचार छ । उक्तदिन सो कल्याणकारी समाजले बिहान ६ बजे देखि बेलुकी ७ बजे सम्म भक्तजनहरूलाई जम्मा ३ हजार लिटर पानी पिलाइएको कुरो बुझिएको छ । उक्त समाजले हेल्थ केयर फाउण्डेशन नेपालको सहयोगमा स्वास्थ्य शिविर पनि संचालन गरिएको थियो ।

उक्त शिविरमा २५ जवान रोगीहरूले स्वास्थ्य सेवा प्राप्त गरेको कुरा बुझिएको छ ।

त्यसरी नै नेपालभाषा मिसा खल: को तर्फबाट सक्खरको रस र स्क्वायस् वितरण गरिएको थियो । उक्त दिन स्वयम्भू क्लवले ट्राफिक व्यवस्था मिलाएका थिए ।

**काठमाडौं, प्रवचन ।**

बुद्ध सम्बत् २५४४ को उपलक्षमा बुद्धको व्यक्तित्त्व विषयमा युवा बौद्ध समूहको आयोजनामा एक प्रवचन कार्यक्रम संचालन गरिएको थियो । उक्त कार्यक्रममा बोल्नु हुँदै भिक्षु अश्वघोष महास्थविरले परम्परा र कट्टरतालाई आँखा चिम्लेर बिश्वास गर्नु हुँदैन भन्नुहुने व्यक्ति मध्ये पहिलो व्यक्ति बुद्ध नै हुनुहुन्छ, उहाँले कुनै पनि कुरालाई आफ्नो स्वतन्त्र चिन्तनले विचार पुऱ्याई मात्र स्वीकार्ने शिक्षा दिनु भएको छ भन्नुभयो ।

समूहका अध्यक्ष शान्तरत्न शाक्यको अध्यक्षतामा संचालित उक्त कार्यक्रममा समूहका उपाध्यक्ष त्रिरत्न मानन्धरले स्वात भाषण गर्नु भएको थियो भने सचिव मदन तुलाधरले कार्यक्रम संचालन गर्नु भएको थियो ।

**रुपन्देही**

२५४४ औं बुद्ध पूर्णिमाको उपलक्षमा रुपन्देही जिल्लामा संचालित जिल्लाब्यापी अन्तर मा.वि. सातौं बौद्ध हाजिरी जवाफ प्रतियोगिता अन्तर्राष्ट्रिय बौद्ध समाजको आयोजनामा अमृतहल बुद्ध नगरमा समापन गरिएको समाचार प्राप्त भएको छ ।

उक्त प्रतियोगितामा हरैया उच्च मा.वि.का नारायण आचार्य र संगीता ढकाल पहिला, बुद्ध आदर्श मा.वि.का विनोद कुमार पासवान र फुलमाया सोनार दोस्रो र शान्ति नमूना मा.वि.का रीता पाठक र शिव पाठक तेश्रो भएका थिए ।


Downloaded from http://www.dhamma.digital

लुम्बिनी विकास कोषका पूर्व उपाध्यक्ष भिक्षु विमलानन्द महास्थविरले दीप प्रज्ज्वलन गरी उद्घाटन गर्नु भएको उक्त कार्यक्रममा प्रा. सुवर्ण शाक्यले स्वागत गर्नु भएको थियो भने नरेन्द्र कुमार मल्लिकले धन्यवाद ज्ञापन गर्नु भएको थियो। बौद्ध समाजका अध्यक्ष भिक्षु मैत्रीको सभापतित्त्वमा संचालित उक्त कार्यक्रममा प्र.अ. लक्ष्मीनाथ अधिकारीले प्रतियोगिता संचालन गर्नु भएको थियो।

– **लोटस रिसर्च सेन्टर**को आयोजनामा अक्षयेश्वर महाविहारमा पं हेमराज शाक्यको सभापतित्त्वमा एक प्रवचन कार्यक्रम सञ्चालन भएको समाचार प्राप्त भएको छ।

सेन्टरका अध्यक्ष प्रा. डा. बज्रराज शाक्यले स्वागत गर्नुभएको उक्त कार्यक्रममा सेन्टरका सचिव हेराकाजी बज्राचार्यले प्रवचन दिनुभएको थियो भने उक्त प्रवचनलाई सूर्यमान बज्राचार्यले समालोचना गर्नु भएको थियो।

उक्त कार्यक्रममा पं. हेमराज शाक्यले स्वयम्भू महाचैत्य पुस्तकलाई अंग्रेजी भाषामा रुपान्तर गरिने जानकारी दिनुभएको थियो।

**भक्तपुर मैत्रेय युवा संघ अफिस। बैशाख ३१ गते।**

२५४४ औं बुद्ध पूर्णिमाको उपलक्षमा मैत्रेय युवा संघको आयोजनामा वक्तृत्वकला प्रतियोगिता सम्पन्न गरिएको समाचार छ। भिक्षु अश्वघोष महास्थविरको प्रमुख आतिथ्यमा मैत्रेय युवा संघका सदस्यहरू बिच संचालित उक्त प्रतियोगितामा पञ्चशील, परियत्ति प्रतिपत्ति र प्रतिवेध, २१ औं शताब्दीमा बुद्ध शिक्षाको महत्त्व आदि विषयमा छलफल गरिएको थियो। युवा वर्गहरूको व्यक्तित्त्व विकास र बुद्ध धर्म सम्बन्धी अध्ययन गराउने प्रमुख उद्देश्य लिई यस कार्यक्रम संचालन गरिएको बुझिएको छ।

बक्तृत्वकलामा भाग लिनु भएका तुलसी काजी मानन्धर, विणा शाक्य, श्रृजना शाक्य र राजुमान वज्राचार्यलाई भिक्षु अश्वघोष महास्थविरले पुरस्कार वितरण गर्नु भएको थियो।

**बुटवल**

२५४४ औं बुद्ध पूर्णिमा ४ दिने कार्यक्रमका साथ मनाउने सिलसिलामा जेठ २ गते बुटवल पद्म चैत्य विहारबाट बुद्ध मूर्तिलाई नगर परिक्रमा गर्दै बुटवलको लक्ष्मी नगर स्थित विश्वशान्ति बौद्ध गुम्बामा प्रतिस्थापना गरियो। उक्त अवसरमा संचालन गरिएको सार्वजनिक सभामा धर्मोदय सभा केन्द्रिय समितिका अध्यक्ष श्री लोक दर्शन बज्राचार्य, तथा भिक्षु अश्वघोष महास्थविरको पनि सुखद उपस्थिती थियो। सो अवसरमा श्री गणेशमान सैंजु, श्री नरबु लामा तथा श्री लोक दर्शन बज्राचार्यले आ-आफ्नो मन्तव्य व्यक्त गर्नु भएका थिए। विश्व शान्ति बौद्ध गुम्बाका लागि श्री लोक दर्शन बज्राचार्यज्यूबाट बुद्ध मूर्ति प्राप्त भएको थियो। श्री विमल बहादुर शाक्य र श्री योगेन्द्र मणि तुलाधरले कार्यक्रम संचालन गर्नु भएको थियो।

जेठ ३ गते पद्म चैत्य विहारमा रक्तदान कार्यक्रमको आयोजना उक्त कार्यक्रममा ४२ जवान रक्तदाताहरूबाट रक्तदान। सोही दिन कल्पवृक्ष दान। उक्त कार्यक्रममा समाजकल्याण केन्द्र, बाल सम्पर्क केन्द्र, सुस्त मनस्थिति विद्यालय एवं अपांगबालबालिकाहरू लगायत बुटवल नगर क्षेत्रका सम्पूर्ण बिद्यालयका गरी जम्मा ५०० जवान बालबालिकाहरूको सहभागिता रहेको उक्त कार्यक्रममा करीव रू. २५०००/- बराबरको सामान वितरण।

जेठ ४ गते बुटवल न.पा. वार्ड नं. ९ स्थित "शिद्धार्थबाल तथा महिला अस्पतालका" बिरामीहरूलाई भिक्षु अश्वघोष महास्थविरको करकमलबाट फलफूल वितरण कार्यक्रम आरम्भ गरियो। त्यसपछि महाज्ञान बौद्ध बिहारमा भिक्षु अश्वघोष महास्थविरको तर्फबाट धर्मदेशना कार्यक्रम सम्पन्न।

त्यहीदिन साँझ पद्मचैत्य विहारमा संचालित सार्वजनिक बौद्ध सभामा प्रमुख अतिथिको आसनबाट बोल्नु हुँदै भिक्षु अश्वघोष महास्थविरले बुद्ध पूर्णिमाको उपलक्षमा विभिन्न समाजपयोगी कार्यहरू गर्नु राम्रो हो भन्नुहुँदै मिथ्या दृष्टि र सम्यक दृष्टि विषयमा सरल ढंगले ब्याख्या गर्नुभयो। उक्त अवसरमा तमु छोंज धीं का अध्यक्ष श्री भोजवीर गुरूङ्ग तथा वरिष्ठ समाजसेवी श्री गणेशमान सैंजुले पनि बोल्नु भएको थियो। पद्मचैत्य विहारका सचिव विमल बहादुर शाक्यले विहारको गतिविधि बारे प्रकाश पार्नु भएको उक्त बौद्ध सभा संचालक समितिका अध्यक्ष श्री संघरत्न बज्राचार्यको अध्यक्षतामा सम्पन्न भएको थियो।

जेठ ५ गते विहान प्रभातफेरि कार्यक्रम पश्चात् बोधिवृक्षमा जल सिंचन, प्रमुख अतिथि भिक्षु अश्वघोष महास्थविरबाट शान्ति बौद्ध विहारको समुद्घाटन गर्नुहुँदै उहाँले दया, करुणा, व मुदिताबारे ब्याख्या गर्नु भएको थियो। उक्त अवसरमा उहाँले बुद्धकालिन दासी


Downloaded from http://www.dhamma.digital

पूर्णिकाको जीवनको धटना सुनाउनु हुँदै बुद्ध धर्ममा नारीहरूको उच्च स्थान रहेको विषयमा प्रष्ट पार्नु भयो। सोही अवसरमा बोल्नु हुँदै विमल बहादुर शाक्यले मानिसले राग द्वेष आदि त्यागी समाज र राष्ट्रलाई हीत र कल्याण गर्न सक्नु पर्ने विषयमा चर्चा गर्नु भयो। गिरी बहादुर भण्डारी मगरले स्वागत मन्तब्य दिनु भएको उक्त कार्यक्रम श्री तर बहादुर थापाज्यूको सभापतित्त्वमा संचालन गरिएको थियो। उक्त विहारको लागि श्री राजेन्द्रमानले जग्गा दान गर्नु भएको कुरा बुझिएको छ।

यस कार्यक्रम पश्चात् पद्म चैत्य विहारमा श्रद्धेय भिक्षु अश्वघोष महास्थविरले धर्मदेशना गर्नुभएको थियो।

सोहीदिन बुटवलको निर्माणाधीन शान्ति ज्योति बौद्ध विहारमा प्रमुख अतिथिको आसनबाट बोल्नु हुँदै पूज्य भिक्षु अश्वघोष महास्थविरले बिहारहरूको निर्माण कार्य अति राम्रो भएको चर्चा गर्नु हुँदै विहार भनेको शिक्षा र ज्ञान हासिल गर्ने पवित्र थलो हो भन्नु भयो।

सोहिदिन बुटवलको लक्ष्मी नगर स्थित विश्व शान्ति बौद्ध बिहारमा आयोजित उद्‌घाटन समारोहमा प्रमुख अतिथि भिक्षु अश्वघोष महास्थविरले उक्त विहारको समुद्‌घाटन गर्नुभयो। त्यस्तै नेपाल मगर संघ केन्द्रिय अध्यक्ष श्री गोरे बहादुर खपांगीले दीप प्रज्ज्वलन गर्नु भएको थियो। उक्त अवसरमा श्रद्धेय भन्तेबाट धर्मदेशना गर्नुभएको थियो। त्यस्तै कुलबहादुर कुँवर, योगवीर गुरुङ्ग विमल बहादुर शाक्य, गोरे बहादुर खपांगी र कविराज पुनले आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभएका थिए। मन बहादुर थापाले स्वागत गर्नुभएको थियो भने श्री दुर्गा पुनले धन्यवाद ज्ञापन गर्नु भएको थियो। श्रीमती सरीता श्रेष्ठको अध्यक्षतामा संचालित उक्त कार्यक्रम श्री जे.वी. पुनले संचालन गर्नु भएको थियो।

दिनको ३ बजे बुद्ध मूर्ति रथारोहण गरी पद्म चैत्य बिहारबाट शोभा यात्रा प्रारम्भगरी बुटवल खस्यौलीका विभिन्न स्थानमा परिक्रमा गराइएको थियो।

उक्त अवसरमा रेडियो लुम्बिनी (एफ. एम) ले विविध बौद्ध कार्यक्रमहरू (शीलप्रार्थना, धम्मपद वाचन, ज्ञानमाला भजन भिक्षु अश्वघोष महास्थविरको धर्मदेशना तथा विशेष अन्तर्वाता आदि) प्रशारण गरिएका थिए।

**पाल्पा तानसेन**

जेठ १ गते आनन्द विहार तानसेनमा बौद्ध महिला संघ टक्सार टोलबाट ज्ञानमाला भजन, बुद्ध पूजा शील प्रार्थना र प्रवचन।

जेठ २ गते महाबोधी विहार तानसेनमा सम्पन्न गरिएको धार्मिक कार्यक्रममा जीवन बज्राचार्यले स्वागत मन्तव्य दिनु भएको थियो भने सुमना शाक्यले आफ्नो मन्तव्य तथा शुभकामना व्यक्त गर्नुभएको थियो। धम्मदिना गुरुमां उपस्थित हुनु भएको सो कार्यक्रमको अन्त्यमा गम्भिरमान शाक्यले धन्यवाद ज्ञापन गर्नु भएको थियो।

जेठ ३ गते धर्म चक्र विहार तानसेनमा बौद्ध महिला संघ टक्सारको आयोजनामा सम्पन्न धार्मिक कार्यक्रममा कुमार बज्राचार्यले स्वागत मन्तब्य व्यक्त गर्नु भएको थियो भने प्रेममान शाक्यले धन्यवाद ज्ञापन गर्नु भएको थियो।

जेठ ४ गते पाल्पा होलङ्गडी बुद्ध विहारमा आयोजित धार्मिक कार्यक्रममा भिक्षु श्रद्धानन्दले धर्मदेशना गर्नुभएको थियो भने बिरेन्द्र काजी शाक्यले स्वागत मन्तब्य व्यक्त गर्नु भएको थियो। उक्त कार्यक्रम विश्वमान बज्राचार्यको अध्यक्षतामा सम्पन्न भएको थियो।

बौद्ध महिला संघ महाचैत्य विहार टक्सारको आयोजनामा पाल्पा अस्पतालमा फलफुल तथा भांडावर्तन वितरण। बौद्ध महिला सेवा समिति आनन्द विहारले युनाइटेड मिसन अस्पतालमा विरामीहरूलाई फलफुल वितरण।

पाल्पा तानसेन महा चैत्य विहारको आयोजनामा बौद्ध हाजिरी जवाफ प्रतियोगिता सम्पन्न। नगर प्रमुख अशोक कुमार शाहीको प्रमुख आतिथ्यमा सम्पन्न उक्त प्रतियोगितामा जनता मा.वि. प्रथम, महेन्द्र बोधि मा.वि. द्वितीय र नेपाल इंगलिस प्रिपेटरी बोर्डिङ्ग स्कुल तृतीय भएका थिए। उक्त कार्यक्रममा महाचैत्य विहार ज्ञानमाला सभाका अध्यक्षज्यूले धन्यवाद दिई कार्यक्रम समापन गरिएको थियो।

बौद्ध युवा संघ महाबोधि विहारबाट शान्ति दिप यात्रा कार्यक्रम सम्पन्न। तानसेन नगरमा साँझ ७ बजे मैन बत्तिबाली नगर परिक्रमा गरी शान्ति दीप यात्रा कार्यक्रम सम्पन्न।

जेठ ५ गते महाचैत्य विहार ज्ञानमाला सभाको आयोजनामा बौद्ध भजन गाउँदै प्रभात फेरि कार्यक्रम सम्पन्न।



Downloaded from http://www.dhamma.digital

धर्मचक्र युवा संघको आयोजनामा महान कल्प वृक्ष दान सम्पन्न। तानसेन नगर पालिकाका नगर प्रमुख अशोक कुमार शाहीले बौद्ध झण्डा झण्डोत्तोलन गरी समुद्घाटन गरिएको उक्त कार्यक्रममा कृष्ण लाल बज्राचार्यले स्वागत भाषण गर्नु भएको थियो। नगर प्रमुख ज्यूले पाल्पा तानसेनमा २५ फिटको बुद्ध मूर्ति स्थापना गरिने जानकारी दिनु भएको उक्त कार्यक्रममा अनन्त कुमार बज्राचार्यज्यूले धन्यवाद ज्ञापन गरी सभा विसर्जन गर्नु भएको थियो। उक्त कार्यक्रममा धर्म चक्र युवा संघले १० वर्ष मुनिका १५२३ जवान बाल-बालिकाहरूलाई महान कल्पवृक्षदान गर्नुभएको थियो।

महामानव बुद्धको मूर्ति रथमा राखी २५४४ औं बुद्ध जयन्ती समारोह समिति द्वारा बौद्ध भजन गाउँदै पाल्पा तानसेन नगर परिक्रमा। साँझ घरघरमा दीपावली।

### शैक्षिक सामग्री वितरण

पोखरा।

२५४४ औं बुद्ध पूर्णिमाको अवसरमा नारायण स्थान स्थित मैत्री चैत्यको प्राङ्गणमा सामूहिक बुद्धपूजा तथा ध्यान कार्यक्रमको आयोजना गरियो। उक्त अवसरमा विभिन्न दाताहरूबाट प्राप्त आर्थिक सहयोगबाट उपलब्ध भएको शैक्षिक सामग्रीहरू संघका अध्यक्ष विश्व रत्न शाक्यले १६०/५६ जवान बालबालिकाहरूलाई वितरण गर्नु भएको समाचार प्राप्त भएको छ। उक्त अवसरमा गण्डकी नुडल्सले चाउ चाउ पनि उपलब्ध गराएका थिए।

संघका सचिव गोविन्द ताम्राकारले संचालन गर्नुभएको उक्त कार्यक्रममा संघका सल्लाहकार बील बहादुर गुरूङ्ग र रवीन्द्र माकाज्यू, पो.उ. मनपा वडा नं. ३ का वडाध्यक्ष नारायण उदास र उपासिका उत्तरकुमारी पालिखेले बालबालिकाहरूलाई बुद्ध शिक्षा बारे प्रवचन दिनु भएका थिए।

### भक्तपूर, दीपंकर विहार

युवा बौद्ध समूहको आयोजनामा वडा नं. ४ स्थित दीपंकर विहारमा नि:शुल्क स्वास्थ्य शिविर संचालन गरिएको समाचार छ। २५४४ औं बैशाख पूर्णिमा महोत्सवको उपलक्षमा हरित जीवन संस्था नेपालको सहयोगमा संचालन गरिएको उक्त शिविरमा १५० जवान बालबालिकाहरूलाई नि:शुल्क स्वास्थ्य परिक्षण गरी नि:शुल्क औषधी वितरण गरिएको थियो। युवा बौद्ध समूहका अध्यक्ष धर्मरत्न शाक्यको सभापतित्वमा सम्पन्न भएको उक्त कार्यक्रममा हरित जीवन संस्थाका अध्यक्ष सोनाम वाङ्दी, डा. महेन्द्र मल्ल लगायतका वक्ताहरूले आ-आफ्नो मनसाय ब्यक्त गर्नु भएका थिए।

### ललितपुर।

२५४४ औं बुद्ध पूर्णिमाको उपलक्षमा २८ औं ललितपुर जिल्लाब्यापी क्लव समूह पुस्तकालय बौद्ध हाजिरी जवाफ प्रतियोगिता स्वास्थ्य राज्यमन्त्री तीर्थराम डंगोलको प्रमुख अतिथित्त्वमा पद्मावती महाविहारमा सम्पन्न भएको समाचार छ।

उक्त प्रतियोगितामा विश्वशान्ति पुस्तकालय न्याखचुक प्रथम, बौद्ध युवा कमिटि झटापोल दोश्रो अध्ययन मण्डल नागबहा: तेश्रो र हिरण्य पुस्तकालय इलाननी सान्त्वना पुरस्कार प्राप्त गर्न सफल भएका थिए। टोल सुधार समितिका प्रमखु नेमवीर शाक्यको सभापतित्त्वमा सम्पन्न भएको उक्त कार्यक्रममा २९ औं प्रतियोगिता सम्पन्न गर्नका लागि लोककीर्ति महाविहार सुधार समितिका उपप्रमुख आशारत्न शाक्यलाई पद्मावती पुस्तकालयको प्रमुख विक्रम शाक्यले २९ औं प्रतियोगिताको कार्यक्रम हस्तान्तरण गर्नुभएको थियो। प्रतियोगिता विजयीहरूलाई प्रमुख अतिथी डंगोलको तर्फबाट पुरस्कार र प्रमाणपत्र प्रदान गर्नुभएको थियो।

### "दिवंगत पूज्यपाद संघमहानायक भिक्षु प्रज्ञानन्द महास्थविरको जन्म शतवार्षिक उत्सव वर्षभर मनाई आएको" समाचारको बाँकी अंश

२०५६ बैशाख ४ गते अक्षय तृतीया देखि २०५७ वैशाख २४ गते अक्षय तृतीयासम्म विभिन्न विहार तथा संस्थाहरूबाट ठाउँ ठाउँमा भव्यरूपले मनाउँदै आएका कार्यक्रमहरू मध्ये २०५६ चैत्र १० गते सम्म मनाउँदै आएको कार्यक्रम यस पत्रिकाको वर्ष १८ पहिलो अंकमा प्रकाशित भइसकेको थियो। त्यसपछि सम्पन्न भएका अन्य कार्यक्रमहरू यस प्रकारका छन्-

११. २०५७ वैशाख १ गते विहिवार

लमजुङ्ग जिल्ला बेसी शहरको चणी डाँडामा अवस्थित ह्यो गुम्बामा गुम्बा प्रमुख षडायतन राप्तेन



Downloaded from http://www.dhamma.digital

लामा गुरुबाट पाठ पूजा गरियो। सुश्री सविता धाख्वाको सक्रियतामा धर्मोदय सभा जिल्ला शाखाका सदस्य र आमा समुहका गुरुङ्गहरूको उपस्थितिमा संघमहानायक दिवंगत प्रज्ञानन्द महास्थविर प्रति कृतज्ञता गुण प्रकट गरी श्रद्धाञ्जली व्यक्त गरियो।

१२. २०५७ वैशाख ९ गते शुक्रवार तृतीया :

श्री बसुन्धरा विहारमा श्रद्धेय धम्मवती गुरुमांको सक्रियतामा र धर्मकीर्ति विहारको आयोजनामा पूज्य गुरुमांहरूबाट दिनभर महापरित्राण पाठ सुसम्पन्न भयो।

१३. २०५७ वैशाख १७ गते

प्रज्ञानन्द स्मृति नि:शुल्क क्लिनिकबाट थानकोट स्थित जीतवन विहारमा स्वास्थ्य शिविर संचालन गरियो।

१४. २०५७ बैशाख १८ गते

श्री शाक्यसिंह विहारको निमन्त्रणामा पाल्नु भएका थाइलैण्डका वातसंघठान विहारका प्रसिद्ध भिक्षु सनङ्ग कतपुञ्ञो प्रमुख पाँचजना भिक्षुहरूलाई स्वागत सत्कार गरियो।

पूज्य भिक्षु सनङ्ग कतपुञ्ञोको प्रमुख आतिथित्वमा र माननीय उद्योग तथा वाणिज्य मन्त्री श्री रामकृष्ण ताम्राकारको आतिथित्वमा श्रद्धेय भिक्षु महासंघबाट साप्ताहिक महापरित्राण शुभारम्भ भयो र प्रत्येक दिन दिउंसो श्रद्धेय भिक्षुहरूबाट पालै पालो गरी महापरित्राण र भिक्षु कोण्डन्यबाट महापरित्राणको विषयमा धर्म देशना गरि साप्ताहिक कार्यक्रम भएको थियो।

१५. २०५७ बैशाख २४ गते अक्षय तृतीया

संघमहानायक प्रज्ञानन्द जन्म शतवार्षिक समारोह समापन तथा पुनर्निर्मित श्री शाक्यसिंह विहार समुद्घाटन कार्यक्रम:

- थाईलैण्डका वात संघठान विहारका प्रमुख भिक्षु सनङ्ग कतपुञ्ञोको प्रमुख अतिथित्वमा संघनायक भिक्षु अनिरुद्ध महास्थविरको सभापतित्वमा थाईलैण्डका महामहीम राजदूत श्रीलंकाका राजदूतावासका काउंसेलर, सांसद, ललितपुर उपमहानगर पालिकाका प्रमुख एवं श्रद्धेय भिक्षुहरूले दिवंगत संघमहानायकको गुणानुस्मरण गरी श्रद्धाञ्जलि अर्पण गरियो।

- २०५६ अक्षय तृतीया देखि २०५७ अक्षय तृतीया एक वर्ष सम्म विविध कार्यक्रमका साथ जन्म दिं मनाउने क्रममा समारोह मनाउने विभिन्न विहारहरू, संघ संस्थाहरूलाई प्रमुख आतिथिज्यूले साधुवाद पत्र अर्पण गरियो।

- दिवंगत भिक्षु प्रज्ञानन्द महास्थविर लामो अवधि सम्म रहनु भएको श्री शाक्यसंह विहारको पुनर्निर्माण पूर्ण भएको उपलक्ष्यमा प्रमुख अथितिबाट विधिवत रुपले समुद्घाटन गरियो। करिव ६० लाखको लागतमा सो विहार पुनर्निमित भएको थियो। विहार समुद्घाटन समारोहमा विहारका प्रमुख श्री भिक्षु धम्मपालले स्वागत भाषण, सचिव सुश्री अमिता धाख्वाले प्रतिवेदन, कोषाध्यक्ष श्री हेराकाजी अवालेले आय व्यय विवरण र अनागारिका ञाणशीलाले धन्यवाद ज्ञापन गरेको थियो।

- सोहि अवसरमा सुश्री अमिता धाख्वाले सम्पादन गरेको 'श्री शाक्यसिंह विहार' पुस्तकको विमोचन प्रमुख अतिथि पूज्य सनङ्ग कतपुञ्ञोबाट गरियो। यी पुस्तकको प्रकाशनमा आर्थिक सहयोगी श्री ज्ञानज्योति कंसाकारले सबै श्रद्धालुजनहरूलाई पुस्तक वितरण गरियो।

यस समारोहमा विहार दाता श्री कुलनरसिंह शाक्य, जग्गादाता श्री हर्षराज शाक्य, प्रज्ञानन्द महास्थविरको जीवनी लेखक श्री आर.बि. बन्ध, इन्जीनियर श्री शारदामान शाक्य, दाता श्री ज्ञानज्योति कंसाकार, थाई उपासिकाहरू सुदारथ र उराईवान ट्रटललाई दोसल्ला ओढाई सम्मान पत्र दिई सम्मानित गरियो। भिक्षु सनङ्ग ज्यूले विहारको महत्व प्रकाश पार्नु भयो भने भिक्षु सुदर्शन महास्थविर र थाई राजदूतले शुभकामना व्यक्त गर्नुभयो। *- प्रस्तुती अमिता धाख्वा*

## धर्मदेशना

२०५७ जेठ २ गते।

पाटन दरवार प्राङ्गणस्थित विश्व मैत्री विहारमा बुद्ध पूजा पश्चात् एक बौद्ध सभामा भिक्षु पञ्ञासारले पञ्चस्कन्ध (रुप, वेदना, सञ्ञा, संस्कार र विञ्ञाण) विषयमा धर्म देशना गर्नु भएको थियो।

उक्त समारोहमा समाजसेवी लोकबहादुर शाक्य र श्रीमती मोहन महर्जनले बुद्ध शिक्षा विषयमा चर्चा गर्नु भएका थिए।

उपासक काजीलाल महर्जनले धन्यवाद ज्ञापन गर्नु भएको उक्त सभामा श्री प्रेम बहादुर बज्राचार्यले उद्घोषण गर्नु भएको थियो।

## विहार दर्शन कार्यक्रम

स्थान - ध्यानकुटी ब्रिहार, बनेपा। २०५७ जेठ ७ गते।

स्वयम्भू धर्मपासा पुच: को आयोजनामा "गाउँ गाउँका विहार दर्शन र विभिन्न धार्मिक कार्यक्रमहरू सम्पन्न गर्ने" उद्देश्य अन्तर्गत वर्षभरीका कार्यक्रमहरू मध्ये पहिलो चरणको कार्यक्रम समाप्त भएकोले बनेपा स्थित ध्यानकुटी विहारमा समापन समारोह सम्पन्न गरिएको समाचार छ।



Downloaded from http://www.dhamma.digital

समारोहका प्रमुख अतिथी वनेपाका मेयर सुरेन्द्र बाडे श्रेष्ठले बत्ती बाली कार्यक्रमको शुरुवाट गराउनु भएको थियो । सिद्धिरत्न शाक्यले स्वागत भाषण गर्नु भएको उक्त कार्यक्रममा भूतपूर्व मन्त्रीहरू श्री प्रेमबहादुर शाक्य, प्रयागराज सिं सुवाल, वरिष्ठ अधिवक्ता सर्वज्ञरत्न तुलाधर, हर्षमुनी शाक्य र भिक्षु कौण्डञ्ञले आ-आफ्नो मन्तब्य ब्यक्त गर्नु भएका थिए ।

देश रत्न कसाज्यूले वार्षिक आय ब्यय विवरण प्रस्तुत गर्नुका साथै धन्यवाद ज्ञापन गर्नु भएको उक्त कार्यक्रम पुष्परत्न तुलाधरको सभापतित्त्वमा सम्पन्न भएको थियो ।

वार्षिक कार्यक्रमहरूको गतिविधि र फोटो प्रदर्शन समेत भएको उक्त कार्यक्रममा १२ वटा विभिन्न विहारका भिक्षु भिक्षुणीहरू र विभिन्न दायक सभाका प्रतिनिधिहरू सहभागी रहनु भएका थिए । विभिन्न गाउँमा बौद्ध परियत्ति शिक्षा अध्ययन गर्ने विद्यार्थीहरूका लागि एक स्थानिय कोष खडा गर्ने घोषणा गरिएको उक्त कार्यक्रममा तत्काल ६८ हजार रकम जम्मा भएको थियो ।

## सम्मान एवं पुरस्कार वितरण

२०५७ जेठ ७ गते । स्थान - अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र ।

म्यानमारका महामहीम राजदूत उ तें वें का प्रमुख आतिथ्यमा म्यानमार सरकारको तर्फबाट लिइने धम्माचरिय परीक्षामा सफलतापूर्वक उत्तीर्ण भई उपाधि हासिल गर्नुहुने विमलञाणी गुरुमांलाई सम्मान गर्ने कार्यक्रम सम्पन्न भएको समाचार छ । यसको साथै अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्रमा प्रत्येक शनिवार संचालन भइरहेको बुद्ध शिक्षा अभ्यास कक्षामा उत्तीर्ण विद्यार्थीहरूलाई दिदै आइरहेको पुरस्कार वितरण समारोह पनि सम्पन्न गरिएको छ ।

अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष अग्ग महा सद्धम्म जोतिक धज श्रद्धेय भिक्षु बुद्धघोष महास्थविरको तर्फबाट पञ्चशील प्रार्थना गराउनु भई सञ्चालन गरिएको उक्त सभामा ध्यान केन्द्रका अध्यक्ष श्री रत्नमान शाक्यले स्वागत भाषण गर्नु भएको थियो । सयादो उ सुजनपियबाट धर्मदेशना गर्नु भएपछि सुश्री अमीता धाख्वाबाट विमलञाणी गुरुमांको संक्षिप्त परिचय प्रस्तुत गर्नु भएको थियो ।

श्री नरेन्द्रराज शाक्य र सानुछोरी शाकय दम्पत्तीका सुपुत्री विमलञाणीले I.S.C. उत्तिर्ण गर्नुभई बुद्ध शिक्षा अध्ययनार्थ बर्माको रंगुन जानुभई अध्ययन, गर्नु भए अनुसार सफलता पूर्वक धम्माचरिय पास गर्नु भई सासन धज धम्माचरिय पदले बिभूषित हुनु भएको थियो । उक्त समारोहमा ध्यान केन्द्रका अध्यक्ष रत्नमान शाक्यले विमलञाणी गुरुमांलाई साधुवाद पत्र प्रदान गर्नु भएको थियो ।

त्यसपछि ध्यान केन्द्रमा संचालित बुद्ध शिक्षा कक्षामा सेवा पुऱ्याउनु हुने शिक्षक शिक्षिकाहरू, निर्मलञाणी, सुश्री ललीता धाख्वा: र श्री विनय महर्जन आदिलाई पनि पुरस्कार वितरण गर्नुभयो ।

प्रमुख अतिथी म्यानमारका महामहिम राजदूत उ तें वें को तर्फबाट बुद्ध शिक्षा अभ्यास कक्षामा उत्तीर्ण बिद्यार्थीहरू ४७ जवानलाई पुरस्कार वितरण गरियो । साथै प्रथम, द्वितीय र तृतीय हुने प्रत्येक कक्षाका बिद्यार्थीहरूलाई प्रत्येक पूर्णिमामा रु. १००/- रु. ७५/- र रु. ५०/- का दरले विभिन्न दाताहरूको तर्फबाट छात्रबृत्ति प्रदान गरिएको थियो ।

छात्रवृत्ति प्रदान गर्नु हुने दाताहरूको नामावली यसरी उल्लेख गरिएका छन् ।

श्री ज्ञानज्योती कंसाकार, श्री रत्नमान शाक्य, श्री सानुरत्न स्थापित, श्री धर्मदास ताम्राकार, श्री गोपीलाल महर्जन, श्री प्रेमकुमार शाक्य, श्री रत्नदेवी धाख्वा, श्रीमती रत्नदेवी धाख्वा, श्रीमती चिनीमाया तुलाधर र श्री दानरत्न शाक्य आदि हुन् ।

महामहीम राजदूतको तर्फबाट नेपाल र म्यानमारका धार्मिक सम्बन्ध घनिष्ट रहेको कुरा व्यक्त गर्नु हुँदै ध्यानकेन्द्रमा संचालित बुद्ध शिक्षा अभ्यास कक्षाले सभ्य, सुसंस्कृत र नैतिकवान व्यक्तिहरू तयार गरी बुद्ध शासनको कार्यमा अग्रसर हुनुको साथै शान्ति प्राप्ती कार्यमा ठूलो योगदान प्राप्त हुने मनसाय ब्यक्त गर्नुभयो ।

भिक्षु बुद्धघोष महास्थविरले दान शील भावनाको पुणित कार्यमा लाग्दा आफूलाई धेरै सुख शान्ति प्राप्त हुने विषयमा धर्मदेशना गर्नुभयो । कार्यक्रमको अन्त्यमा यस केन्द्रका उपाध्यक्ष श्री हेमबहादुर शाक्यले धन्यवाद ज्ञापन गर्नुभई पुण्यानुमोदन गरी कार्यक्रम समापन गर्नु भएको थियो ।

## चोङ्ग हवा बौद्ध मन्दिर उद्घाटन

२०५७ जेठ १४ गते । स्थान - लुम्बिनी ।

भगवान बुद्धको जन्म स्थल लुम्बिनीमा जनवादी गणतन्त्र चीन सरकारको संस्था चाइना बुद्धिष्ट एशोसियसनद्वारा निर्माण गरिएको चोङ्ग बौद्ध मन्दिर उद्घाटन कार्यक्रम सम्पन्न भएको छ ।



Downloaded from http://www.dhamma.digital

भनिएको छ, चीनद्वारा आफ्नो देश भन्दा बाहिर निर्माण गरिएको यो पहिलो चाइना मन्दिर हो ।

लुम्बिनी विकासका लागि प्रा. केन्जो टांगेले सन् १९७८ मा तयार पारेको गुरु योजना अनुसार २७ करोड रुपैयाँको लागतमा चिनीयाँ शैलीमा निर्मित १६० मीटर लम्बाई र १६० मीटर चौडाईमा फैलिएको सो मन्दिर भित्र १० फिट अग्लो र ६ टन तौल भएको बुद्ध मूर्ति बनाइएको छ । सो मूर्ति लुम्बिनीमा भएका बुद्ध मूर्तिहरू मध्ये सबभन्दा अग्लो रहेको कुरा बताइएको छ ।

अशोक स्तम्भ पत्ता लागेको शताब्दी उत्सवको समय सन् १९९६ डिसेम्बरमा सो विहारको शिलान्यास भएको थियो । सो स्थलमा चिनीयाँ शैलीको एक गुम्वा, प्रदर्शन कक्ष, आवासगृह, भिक्षु निवास र विपश्यना केन्द्र रहेका छन् ।

सन् १९८६ मा चिनीया बौद्ध धर्म गुरु पन्चेन लामाले नेपाल भ्रमणका अवसरमा नेपालमा चीन सरकारले बौद्ध मन्दिर निर्माण गर्ने प्रस्ताव राखे अनुसार सन् १९९६ देखि यस मन्दिरको निर्माण कार्य आरम्भ गरी सन् १९९९ को डिसेम्वरमा निर्माण कार्य सम्पन्न भएको जनाइएको छ ।

चोङ्ग हवा बौद्ध मन्दिर उद्घाटन गर्नुहुँदै प्रधानमन्त्री गिरीजा प्रसाद कोइरालाले चीनले नेपालको आर्थिक, समाजिक, धार्मिक, स्वास्थ्य, संचार, जलविद्युत, उद्योग र यातायात लगायत साँस्कृतिक क्षत्रमा पनि उल्लेखनिय सहयोग गरी नेपाल चीन वीचको सम्बन्धलाई अझ घनिष्ट बनाइएको कुरालाई नेपाली दाजुभाईले कहिल्यै विर्सन नसक्ने कुरा बताउनु भयो । उक्त बौद्ध मन्दिर र बुद्ध मूर्ति चीन सरकारको सद्भाव र मित्रताको प्रतिकको रुपमा रहने कुरा पनि उहाँले उल्लेख गर्नु भयो । लुम्बिनी र कपिलवस्तु जस्ता बौद्ध तीर्थस्थलहरूको प्राचीन समयमै चिनीयाँ यात्री ह्वनेसाङ्ग र फाइयानले भ्रमण गर्नुका साथै अरनीको जस्ता नेपाली वास्तुविदले नेपाली कलालाई चीनमा परिचित गराएको कुरा बताउनु हुँदै कोइरालाले भन्नुभयो- प्रचिन कालदेखि नै नेपाल र चीन बिच घनिष्ट सम्बन्ध रहेको छ । उहाँका अनुसार लुम्बिनीमा रहेका विश्वका बौद्ध मन्दिरहरूले विश्व समुदायमा नेपालको शान्ति प्रतिको चाहना र मित्रतालाई दर्शाएको छ । प्रधान मन्त्री कोइरालाले लुम्बिनी गुरु योजनालाई प्रभावकारी ढंगमा द्रुतगतीमा कार्यान्वयन गरिने बिश्वास पनि ब्यक्त गर्नुभयो ।

सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री एवं लुम्बिनी विकास कोषका अध्यक्ष तारिणी दत्त चटौतले श्री ५ को सरकार लुम्बिनी विकासको गुरु योजना अनुरुप लुम्बिनीलाई विकास गर्न प्रतिबद्ध रहेको बताउँदै नव निर्मित बौद्ध विहार चीन सरकारले नेपाल र लुम्बिनीको विकासका लागि देखाएको अभिरुचीको प्रतिफल हो भन्नु भयो ।

जनवादी गणतन्त्र चीनको राज्य परिषदका स्टेट काउन्सिलर इस्मायल यामतले चीनको प्राचिन चिनीयाँ शैलीमा निर्माण भएको चोङ्गहवा मन्दिरले लुम्बिनीमा थप आकर्षण ल्याएको कुरा बताउनु भयो । बुद्ध धर्मको विशेष स्थल लुम्बिनीमा नेपाल सरकारको सहयोगमा नै यो बिहार निर्माण भएको हो भन्नु हुँदै यो बौद्ध धर्म कार्यका लागि नमूनाको रुपमा रहने कुरा उल्लेख गर्नुभयो ।

चाइना बुद्धिष्ट एशोसियसनका उपाध्यक्ष माष्टर यी चाङ्गले बौद्ध तीर्थस्थल लुम्बिनीमा निर्मित यस मन्दिरले नेपाल चीन दुबै देशका बौद्ध समुदाय बिच सौहार्द कायम राख्ने विश्वास ब्यक्त गर्नु भयो ।

नेपालका लागि गणतन्त्र चीनका राजदूत चोङ्ग सियोङ्गले शताब्दी पहिले देखि जनस्तरमा स्थापित नेपाल चीन सम्बन्ध आपसी समझदारी र मित्रतामा कायम रहेको विचार ब्यक्त गर्नुभयो ।

लुम्बिनीमा विभिन्न देशका २६ वटा संघ संस्थाहरूले मन्दिर, स्मारक, मठ, स्तुप निर्माणका लागि लुम्बिनी विकास कोषसंग सम्झौता गरेको कुरा बुझिएको छ । चाइना मन्दिर पनि सोही सम्झौता अन्तर्गत निर्माण गरिएको हो । उक्त सम्झौता अन्तर्गत हाल सम्म १३ वटा मन्दिर, स्तुप र मठहरूको निर्माण सम्पन्न भएको कुरा लुम्बिनी बिकास कोषले जनाएको छ ।

हाल सम्म श्रीलंका, धर्मकीर्ति बिहार नेपाल (अन्तर्राष्ट्रिय गौतमी भिक्षुणी विहार), बर्मा, महाबोधि सभा कलकत्ता, थाइलैण्ड, धर्मोदय सभा नेपाल, भियतनाम फ्रान्समा बसेका भियतनामी, लिन्सन, सोकियो जापान, सेतो गुम्बा र जर्मनीका संघ संस्थाहरूले गरेको सम्झौता अनुरुप मन्दिर, मठ, गुम्बा र स्तुपहरू निर्माण सम्पन्न भएका छन् ।

उक्त समारोहमा राजसभा स्थायी समितिका सभापती डा. केशर जंग रायमाझी, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री रामकृष्ण ताम्राकार, नेपाल कम्यूनिष्ट



Downloaded from http://www.dhamma.digital

पार्टी (एमाले) स्थायी कमिटीका सदस्य एवं प्रतिपक्षी दलका उपनेता केपी शर्मा ओली, जनवादी गणतन्त्र चीनका धार्मिक मामीला सम्बन्धी राष्ट्रिय विभागका प्रमुख, लुम्बिनी विकास कोषका उपाध्यक्ष, गजेन्द्र कुमार लामा, सदस्य सचिव आङ्ग दावा शेर्पा, नेपाल मजदूर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छे, सांसदहरू रविन्द्रनाथ शर्मा, कृष्णलाल थकाली लगायत काठमाडौं र लुम्बिनीमा रहेका विभिन्न देशका बौद्ध भिक्षु भिक्षुणीहरू तथा चीनबाट नेपाल भ्रमणमा आएका २१० जवान बौद्ध भिक्षु भिक्षुणीहरूको सहभागिता रहेको थियो ।

## बृद्ध बृद्धाहरू सम्मानित

धर्मसंघ बुद्ध विहार पोखराको ४४ औं वार्षिकोत्सब तथा सद्धर्म सभा गठनको नवौं वर्ष प्रवेशको उपलक्षमा शाक्य समाज भवन नदीपुरमा बैशाख २४ गते एक भव्य समारोहका बिच ८० वर्ष उमेर नाघेका ५ जवान बृद्ध बृद्धाहरूलाई सम्मान गरिएको समाचार छ ।

सम्मानित हुने ब्यक्तिहरूको नाम र वर्ष यसरी उल्लेख गरिएको छ-

(१) श्रीमती सुर्यमाया बज्राचार्य - वर्ष ९४, (२) श्रीमती लक्ष्मी कुमारी बज्राचार्य - वर्ष ८७ (३) श्री चन्द्रमान बज्राचार्य- वर्ष ८३, (४) श्रीमती बुद्धि कुमारी शाक्य- वर्ष ९४, (५) श्रीमती सेतुली शाक्य- वर्ष ८२ ।

सद्धर्म सभाका अध्यक्ष श्री बेदमान गुभाजुले दोसल्ला ओढाई सम्मान गर्नु भएको उक्त समारोहमा सदस्य चित्रमान शाक्यले स्वागत मन्तब्य र सह सचिव इश्वरमान शाक्यले उद्घोषण गर्नु भएको थियो भने अध्यक्ष श्री गुभाजूले पानसमा बत्ती बाली समारोहको उद्घाटन गर्नु भएको थियो ।

सचिव श्री कुलामान बुद्धाचार्यले वि.सं. २०१३ सालमा स्थापना भएको धर्मसंघ बुद्ध विहार र २०४८ सालमा गठन भएको सोही विहार अन्तर्गतको सद्धर्म सभाको स्थापना काल देखिको कृयाकलापहरूको बारेमा जानकारी सहितको प्रतिवेदन पेश गर्नु भएको थियो । आफ्नो मन्तब्य ब्यक्त गर्ने क्रममा श्री बुद्धाचार्यले समाज सुधार गर्नका लागि बुद्ध शिक्षा विपरितका थुप्रै कुराहरूमा रोक लगाउनु पर्ने मनसाय ब्यक्त गर्नु भयो । कोषाध्यक्ष श्री श्याम शाक्यले २०४८ साल देखिको आर्थिक प्रतिवेदन पेश गर्नु हुदै शाक्य समाज भवन नदीपुरको जग्गा खरीद र निर्माण सम्बन्धि विस्तृत बिवरण पेश गर्नु भयो ।

त्यसपछि आयोजित शुभकामना मन्तब्य कार्यक्रममा आ-आफ्नो मन्तब्य ब्यक्त गर्नुहुने महानुभावहरूको नामावली यसरी रहेको छ ।

धर्मशीला बुद्ध विहार दायक सभाका सचिव कृष्णमान गुभाजु, ज्ञानमाला संघका अध्यक्ष सुवर्ण बज्राचार्य, युवा बौद्ध संघका अध्यक्ष उत्तम मान बुद्धाचार्य, उपाध्यक्ष मोतिमान शाक्य, ८३ वर्षिय बृद्ध चन्द्रमान बज्राचार्य आदि ।

दोश्रो चरणको कार्यक्रममा २ वर्षका लागि नयाँ कार्य समितीको चयन गर्ने कार्य पनि सम्पन्न भयो । निर्विरोध निर्वाचित नयाँ कार्य समितिको अध्यक्षमा बेदमान गुभाजू, उपाध्यक्षमा तेजमान बुद्धाचार्य, सचिवमा कुलामान बुद्धाचार्य, सह-सचिवमा इश्वरमान शाक्य र कोषाध्यक्षमा श्याम शाक्य रहनु भएको छ । सदस्यहरूमा शेरमान बुद्धाचार्य, पुष्करमान बुद्धाचार्य, गर्भ कुमार बज्राचार्य, भरत राज शाक्य, तेजेन्द्र शाक्य र चित्रमान शाक्य आदि हुनुहुन्छ भने सल्लाहकारहरूमा सुवर्ण बज्राचार्य, गोपाल मान बुद्धाचार्य, मोतिमान शाक्य र सुभालाल बज्राचार्य रहनु भएको छ ।

## २५४४ औं बुद्ध पूर्णिमाको उपलक्षमा बुद्ध शिक्षा प्रचार कार्यक्रमको सिलसिलामा उपत्यका बाहिर जानुहुने भिक्षु, श्रामणेर तथा प्रव्रजित गुरुमांहरू

| | | |
|---|---|---|
| भिक्षु अश्वघोष महास्थविर | - | बुटवल |
| भिक्षु निग्रोध | - | लुम्बिनी |
| भिक्षु धर्म सागर | - | धरान |
| भिक्षु शोभन | - | विराटनगर |
| भिक्षु वरसम्वोधी र श्रा. सुनीत | - | त्रिशुली |
| भिक्षु उदयभद्र | - | बेनी, |
| भिक्षु संघरक्षित | - | भोजपुर |
| भिक्षु श्रद्धानन्द | - | रिडी, |
| प्रव्रजित गुरुमां अनोजा | - | बाग्लुङ । |

यस कार्यक्रमको लागि उहाँहरूलाई आवश्यक यातायात खर्च मध्ये एकतर्फी खर्च बुद्ध जयन्ती समारोह समिति काठमाडौंले ब्यहोरेको थियो भने अर्को तर्फी खर्च धर्मप्रचारार्थ जानुभएको सम्बन्धित स्थानको निकायले ब्यहोरेको थियो ।



Downloaded from http://www.dhamma.digital

संयुक्त राष्ट्र संघले २५४४ औं बैशाख पूर्णिमा देखि लागु हुने गरी प्रत्येक बैशाख पूर्णिमाका दिन बिदा दिने घोषणालाई स्वागत गर्दै धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको तर्फबाट प्रस्तुत प्रेस विज्ञप्तिका साथै सम्बन्धित निकायहरूलाई पठाइएका पत्रहरू यसरी उल्लेखित छन्ः-

**प्रेस विज्ञप्ति**

विश्वकै लागि शान्ति र कल्याणको मार्ग प्रदान गर्नु हुने नेपालको सुपुत्र गौतम बुद्धको जन्म, बुद्धत्वलाभ तथा महापरिनिर्वाणको दिन बैशाख पूर्णिमाका दिनलाई अन्तरराष्ट्रिय दिवसका रुपमा मान्यता दिन संयुक्त राष्ट्र संघको गत १३ डिसेम्बर १९९९ को साधारण सभाले निर्णय गरेको कुरा घोषणा भएपछि विश्व कै सम्पूर्ण बौद्ध जगतमा खुशियाली छाएको छ ।

वास्तवमा "एशियाली ज्योति" ले व्यापकता पाउँदै बुद्धका दर्शन मानव सभ्यता कै अमूल्य निधिको रुपमा स्वीकारीएको सम्मति यस घोषणाले स्थापित गरेको छ । यसमा नेपाली बौद्धहरूका साथै सम्पूर्ण नेपालीहरू गौरवान्वित भएका छन् । यसै सन्दर्भमा नेपालमा विगत २८ वर्ष देखि बुद्ध धर्म प्रचारमा संलग्न हुँदै आएको हाम्रो संस्था "धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी" द्वारा संयुक्त राष्ट्र संघको यस सह्राहनीय निर्णयमा हार्दिक कृतज्ञता ज्ञापन गर्दै शान्तिको मुहानको रुपमा स्वीकार गरिएको पवित्र लुम्बिनीको विकास कार्यले पूर्णता पाउन यो घोषणाले श्री ५ को सरकार तथा अन्तरराष्ट्रिय निकायहरूलाई प्रेरित गर्ने विश्वास लिएका छौं ।

..............................

**भिक्षुणी धम्मवती**
अध्यक्ष
***धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी***
श्रीघः नघः, काठमाडौं

The United Nation Organization
Harihar Bhawan, Pulchok,
Lalitpur.
Dear Sir,

The United Nation's decision on 13rd December 1999 to observe internationally the Vaisak Full Moon Day as commemoration on of Lord Gauttam Buddha's Birth, Enlightenment and Nirvan has brought up tremendous amount of joy and encouragement to the entire Buddhist community of the World. We the Dharmakirti Buddhist Study Circle would like to express our happiness and sincere gratitude to the United Nation for its support and recognition of the importance of the Vaisak Full Moon Day for promoting world peace. We belive this declaration will generate momemtum in the progress and contribution of all concerning nations and institutions towards Lumbini Development Project.

Thank You !

Sincerely, with Metta.

**Bhikkhuni Dhammawati**
Chairperson
**Dharmakirti Buddhist Study Circle**

Your Excellency,
Ambassedor of Sri Lanka
Embassy of sri Lanka
Dear Sir,

We are acknowlege that through the persistent efforts of the Government of Sri Lanka, the United Nation passed a decision on 13 December 1999 to observe internationally the Vaishak Full Moon Day to commemorate Lord Gauttam Buddha's Birth, Enlightenment and Nirvana. This has brought great joy and encourgement among the entire Buddhist community of the World. We the Dharmakirti Buddhist Study Circle would like to express our happiness and sincere gratitude to the Government of Sri Lanka and related personel for it's invaluable contribution towards the achievement in this respect.

Thank You !

Sincerely, with Metta.

**Bhikkhuni Dhammawati**
Chairperson
**Dharmakirti Buddhist Study Circle**



Downloaded from http://www.dhamma.digital

## सिद्धार्थ कुमारको मूर्तिको अनावरण

लुम्बिनी - जेठ ५ गते ।

लुम्बिनी प्रवेशद्वारको रुपमा रहेको सिद्धार्थ नगर नगरपालिका बुद्ध चोकमा बिहीवार सिद्धार्थनगर नगरपालिकाले स्थापना गरेको पूर्ण कदको सिद्धार्थ गौतमको मूर्ति संघनायक भिक्षु अनिरुद्ध महास्थविरले अनावरण गर्नु भएको समाचार प्राप्त भएको छ ।

करिव ६ लाख रुपैयाँको लागत खर्चमा स्थापित उक्त बुद्ध मूर्ति स्व. अमर चित्रकारको अन्तिम मूर्ति भएको कुरा उक्त समारोहमा जनाइएको छ ।

## सरल विवाह संस्कार

समाजमा चलिरहेको भडकिलो, उत्ताउलो र देखासिकि तरिकाको विवाह संस्कारको विकृतीलाई मध्य नजर राखी "थेरवाद बौद्ध दायक केन्द्रिय परिषद" ले धर्म चक्र विहारमा सरल विवाह संस्कारको व्यवस्था गरेको समाचार प्राप्त भएको छ ।

उक्त व्यबस्था अनुसार विवाह कार्यक्रम यसरी संचालन गर्ने गरेको छ-

सर्वप्रथम वर वधुले बुद्ध मूर्तिमा फुल अर्पण गरी वन्दना गर्ने, पञ्चशील प्रार्थना र बुद्ध पूजा पछि अभिभावकहरूले आफ्नो छोरा छोरीलाई आशिर्वाद दिइनेछ । त्यसपछि दुलहा दुलहीले आफ्नो दाम्पत्य जीवन सुधार्न आवश्यक प्रतिज्ञा गरी फुल माला पहिराउनेछन् । अनि विवाह संचालकले मंगलसूत्र पाठ गर्नेछ ।

विवाह सम्पन्न भएपछि मितब्ययिता अपनाई शुद्ध शाकाहारी जलपानको व्यवस्था हुनेछ । हाल सोको लागि रत्नलाल मानन्धरले आवश्यक आर्थिक भार ब्यहोर्नु भएको छ । उहाँको संयोजकत्वमा ११ सदस्य भएको विवाह कर्मकाण्ड व्यवस्था समिति खडा गरिएको छ । यस तरिकाले विवाह गराउन इच्छुकले काठमाडौं बागबजार स्थित धर्मचक्र विहारमा रहेको थेरवाद बौद्ध दायक केन्द्रीय परिषदमा सम्पर्क राख्न आह्वान गरिएको छ ।

## बुद्ध प्रतिमाको अनावरण

२०५७ जेठ ४ गते ।

स्वास्थ्य राज्य मन्त्री तीर्थराम डंगोलले कीर्तिपुरमा आयोजित एक समारोहमा गौतम बुद्ध प्रतिमाको अनावरण गर्नु भएको समाचार प्राप्त भएको छ । सांसद कोष, नगर पालिका र स्थानिय भक्तजनहरूबाट प्राप्त रु. २,१४,५०६/- को लागतमा मूर्तिकार कमसेल महर्जन र हिराराम महर्जनले सो मूर्तिको निर्माण गरेको कुरा बुझिएको छ ।

कार्यक्रममा स्वास्थ्य राज्य मन्त्री डंगोलले वर्तमान परिवेशमा बुद्ध धर्मको महत्त्वमाथि प्रकाश पार्दै बुद्धको शान्तिको उपदेश एवं सद्भावना मानव समाजका लागि प्रेरणाको स्रोत बन्न पुगेको कुरा बताउनु भयो ।

कीर्तिपुर नगर पालिकाका प्रमुख हीराकाजी महर्जनले बुद्ध दर्शनको विस्तृत अध्ययन अनुसन्धान गरी देश बिदेशमा यसको व्यापक प्रचार प्रसार गर्नु आजको आवश्यकता हो भन्नुभयो ।

निर्माण समितिका अध्यक्ष गोपालै श्रेष्ठको सभापतित्त्वमा सम्पन्न उक्त कार्यक्रममा श्रीकीर्ति विहार कीर्तिपुरका प्रमुख भिक्षु सुदर्शन महास्थविर, निर्माण समितिका सल्लाहकारहरू प्रविण ढुंगाना र राजन के.सी. आदिले बोल्नु भएको थियो ।

## तीन जवान भिक्षुहरूलाई संयुक्त अभिनन्दन

२०५७ बैशाख २८ गते । विश्व शान्ति विहार, काठमाडौं ।

म्यानमार सरकारबाट "अग्ग महा सद्धम्म जोतिक धज" उपाधिद्वारा सम्मानित हुनुहुने तीन जवान भिक्षुहरू वर्तमान संघनायक भिक्षु अनिरुद्ध महास्थविर, अ.ने.भि. महासंघका अध्यक्ष भिक्षु बुद्धघोष महास्थविर र धर्मानुशासक भिक्षु अश्वघोष महास्थविरलाई अखिल नेपाल भिक्षु महासंघले पनि संयुक्त रुपमा अभिनन्दन गरिएको समाचार प्राप्त भएको छ ।

स्मरणिय छ, बुद्ध शिक्षालाई जनमानसमा प्रचार प्रसार गर्ने कार्यमा वर्षौंदेखि योगदान पुऱ्याउँदै आउनु भएका देश विदेशका भिक्षु भिक्षुणी, तथा अन्य व्यक्तित्वहरूलाई पनि म्यानमार सरकारले कदर गर्दै विभिन्न पदवीद्वारा विभूषित गर्दै आएको कार्यक्रमको सिलसिलामा म्यानमार सरकारबाट दिवंगत भिक्षु प्रज्ञानन्द महास्थविरलाई अग्गमहापण्डित उपाधि द्वारा विभूषित गरिएको थियो भने दिवंगतभिक्षु शाक्यानन्द महास्थविरलाई अग्ग महा सद्धम्म जोतिक धज उपाधिद्वारा विभूषित गरिएको थियो । यसरी नै भिक्षुणी धम्मवतीलाई पनि "अग्ग महा गन्थ वाचक पण्डित" उपाधिद्वारा विभूषित गरिएको थियो ।

अ.ने.भि. महासंघका निवर्तमान अध्यक्ष भिक्षु कुमार काश्यप महास्थविरको सभापतित्त्वमा सम्पन्न उक्त समारोहमा सचिव भिक्षु ज्ञानपूर्णिक महास्थविरले स्वागत गर्नु भएको थियो । उक्त समारोहमा नेपालका लागि म्यानमारका महामहिम राजदूत U. Tin Win, श्री लंकाली महामहिम राजदूत Ms, Pamela Jdeen र थाइलैण्डका महामहिम राजदूत Mr. Powthep



Downloaded from http://www.dhamma.digital

Vanachinda ले आ-आफ्नो मन्तब्य पोख्नु भएका थिए । सम्मानित श्रद्धेय महास्थविरहरूलाई भिक्षु कुमार काश्यप, भिक्षु ज्ञानपूर्णिक तथा भिक्षु बोधिशेनले अभिनन्दनपत्र प्रदान गर्नु भएका थिए ।

उक्त समारोहमा विभिन्न बौद्ध संघ संस्थाहरूबाट पनि उहाँहरूलाई अभिनन्दन-पत्र तथा अन्य उपहारहरू प्रदान गरेका थिए ।

अभिनन्दन पत्र प्रदान गर्नुहुने संघ संस्थाहरू विश्व शान्ति दायक समिति, युवा बौद्ध समूह अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र, नगदेश बौद्ध संघ, श्रीकीर्ति बौद्ध केन्द्र, बुद्धिष्ट कम्युनिकेशन सेन्टर, सुगतपुर बिहार (त्रिशुली) आदि ।

उपहार प्रदान गर्नुहुने ब्यक्ति तथा संस्थाहरू म्यानमार, श्रीलंकाली र थाइलैण्डका महामहिम राजदूतहरू, धर्मोदय सभा, बुद्ध जयन्ती समारोह समिति, चारुमती बुद्धिष्ट मिशन, श्रीकीर्ति विहार, नागार्जुन बौद्ध अध्ययन संस्थान, हिमालयन बुद्धिष्ट एजुकेशन फाउण्डेशन, शाक्यसिंह विहार, यशोधरा बौद्ध विद्यालय, मणिमण्डप बिहार र ध्यानकुटी विहार आदि ।

श्रीघः विहारको दायक समितिले सम्मानित हुनुहुने श्रद्धेय तीन जवान महास्थविरहरूलाई लुम्बिनी प्रस्थान गर्न हवाई टिकट ब्यहोर्ने र मणिमण्डप विहार तथा ध्यानकुटी विहारका केशवकाजी वैद्यले व्यक्तिगत तवरले अभिनन्दन पत्र प्रदान गरेका थिए ।

**संचार क्षेत्रमा २५४४ औं वैशाख पूर्णिमा**

२५४४ औं बुद्ध जयन्ती समारोह समितिमा यसपालि कोण्डन्य संघाराम प्रचार-प्रसार संयोजकमा रहेका थिए भने नेपाल टेलिभिजन, रेडियो नेपाल र मेट्रो एफ.एम.मा साप्ताहिक बुद्ध धर्मसंग सम्बन्धित पंचशील प्रार्थना, धम्मपद (नेपालीमा अर्थ सहित) वाचन, प्रवचन, छलफल आदि बैशाख २९ देखि जेष्ठ ५ गते ८ दिन सम्म प्रशारण भएका थिए । यसरी नै रेडियो सगरमाथा, KATH, कान्तिपुर एफ.एम.ले पनि प्रवचनहरू प्रशारण गरे भने मेट्रो एफ एमले २ पटक प्रत्यक्ष रुपमा अन्तरवार्ता प्रशारण गरेका थिए । बैशाख पूर्णिमाका दिन विहान ७ बजेदेखि नै मेट्रो एफ.एम र रेडियो सगरमाथाले स्वयम्भू र आनन्दकुटी विहारबाट प्रत्यक्ष प्रशारण गरेका थिए । STN च्यानलले पनि अन्तरवार्ता र दृश्यहरू प्रसारण गरे ।

यसपालि टेलिभिजन, रेडियो र एफ.एम. मा विविध कार्यक्रमहरू भएका थिए । बु.ज.स.स.का प्रचार -प्रसार संयोजक कोण्डन्य संघारामको संयोजकत्वमा निम्न श्रद्धेय भिक्षु तथा भिक्षुणीहरू, उपासक एवं उपासिकाहरू सहभागी भएका थिए । १) भिक्षु अश्वघोष महास्थविर २) भिक्षु ज्ञानपूर्णिक महास्थविर ३) भिक्षु सुदर्शन महास्थविर ४) भिक्षु भद्दिय ५) भिक्षु कोलित ६) भिक्षु कोण्डन्य ७) भिक्षु बोधिज्ञान ८) भिक्षु तपस्सी धम्म ९) भिक्षु धर्मसागर १०) भिक्षु निग्रोध ११) भिक्षु उदयभद्र १२) भिक्षु संघरक्षित, १३) भिक्षु सुशील १४) श्रामणेर सुख १५) भिक्षुणी धम्मवती १६) भिक्षुणी ञाणवती १७) भिक्षुणी वीर्यवती १८) सुवर्ण शाक्य १९) केदार शाक्य २०) रीना तुलाधर २१) अमृत धम्म स्कूलका विद्यार्थीहरू २२) बुद्धिष्ट कम्युनिकेशन सेन्टर २३) शाक्यसिंह विहारका उपासिकाहरू र २४) चारुमती बुद्धिष्ट मिशन

**५ जेष्ठ, २०५७ दोलखा ।**

भगवान् बुद्धको जन्म, संवोधि ज्ञान लाभ तथा महापरिनिर्वाण दिवस बैशाख पूर्णिमा दोलखा स्थित चरीकोटमा भव्यताका साथ सम्पन्न भएको कुरा थाहा हुन आएको छ । भिक्षु ङवाङ वोशेर लामाको सभापतित्वमा र २ नं क्षेत्रका जनप्रतिनिधि सांसद आनन्द पोखरेलको प्रमुख आतिथ्यत्वमा सार्वजनिक सभा सम्पन्न भयो । विहानी पखदेखि नै करीब १०,००० भन्दा बढी जन समुदायको सहभागीतामा रहेको शान्ति पदयात्राको क्रममा सांस्कृतिक बाजागाजा, डम्फु नाच, धेरै लामाहरूबाट मुकुट सहित पूजा - आजा सम्पन्न भएको थियो । उक्त दिन त्यहाँ मनाउँदै आएको दिवालीलाई नमान्ने भनी सबैले स्वीकारेको पनि ज्ञात हुन आएको छ । बैशाख पूर्णिमाको उपलक्ष्यमा बौद्ध जागरण प्रशिक्षण शिविर पनि भएको थियो । जसमा नेपाल बौद्ध जागरण लामा संघ, नेपाल शेर्पा संघ, नेपाल तामाङ्ग घेदुङ्ग संघ, नेपाल बुद्धधर्म संघबाट प्रतिनिधीहरूले भाग लिएका थिए ।

**वैशाख पूर्णिमाको उपलक्ष्यमा सुनखानीमा बौद्ध जागरण**

२०५७ वैशाख ३१ गते धादिङ्ग जिल्लाको सुनखानी टेलेङ्गे भन्ज्याङ्ग वार्ड नं. ८ को धर्मविहारको सर्व संघ र हिमालय बौद्ध शिक्षण संस्थाको संयुक्त आयोजनामा एकदिने बौद्ध जागरण प्रशिक्षण शिविर सम्पन्न भएको समाचार छ । प्राप्त समाचार अनुसार उक्त कार्यक्रममा धर्म विहारका ८४ वर्षिय थपा आजु श्री टङ्कलाल शाक्यबाट उद्घाटन गरी ५ जना आजुहरूलाई खाता गा चढाएर शिविरको कार्यक्रम संचालन भएको थियो ।


Downloaded from http://www.dhamma.digital

श्री गुरु बज्राचार्य पुरोहित शुभराज गुभाजुले स्वागत भाषण गर्नु भएको थियो र प्रशिक्षक हर्षमुनि शाक्यले बुद्ध धर्मबारे विस्तृत प्रवचन दिनु भएको थियो। ज्यापु महागुठीका केन्द्रीय अध्यक्ष बिपेन्द्र महर्जनले बुद्ध धर्मको व्यावहारिक पक्षमा बोल्नु भएको थियो भने धर्मोदय सभा धादिङ्ग शाखाका उपाध्यक्ष श्यामकुमार तुलाधरले संगठन बारे बोल्नु भएको थियो।

आजु टंकलाल शाक्यले धन्यवाद दिइ शिविर विसर्जन गर्नु भयो।

## संयुक्त राष्ट्रसंघको निर्णय स्वागतयोग्य

श्रीलंकामा सन् १९९८ नोवेम्वरमा भएको अन्तर्राष्ट्रिय बौद्ध सम्मेलनले बैशाख पूर्णिमाका दिन बिदा गरियोस् भनी पारित गरिएको प्रस्ताव संयुक्त राष्ट्र संघमा दर्ता भए अनुरुप सर्वप्रथम सार्क राष्ट्रले यसलाई अनुमोदन गरिएको थियो भने त्यसको लगतै एशियाका ९ वटा बौद्ध राष्ट्र र अन्य बाँकी १२ राष्ट्रले यसलाई समर्थन गरेका थिए।

महामानव, विश्व शान्तिका नायक शाक्यमुनि बुद्धको जन्म, बोधिज्ञान लाभ र महापरिनिर्वाण प्राप्ति आदि तिन संयोगले भरिएको बुद्ध पूर्णिमाको महत्त्वपूर्ण दिनमा संयुक्त राष्ट्र संघबाट बिदा घोषणा गरिएको अन्तर्राष्ट्रिय सुखद समाचारलाई धर्मकीर्तिले हर्षपूर्वक स्वागत गरिएको छ।

## पुरस्कार तथा प्रमाण पत्र वितरण

२०५७ जेठ १४ गते, स्थान वेलुवनाराम विहार, ठेचो।

बुद्ध सम्वत् २५४४ मा वेलुवनाराम विहार परियत्ति केन्द्र ठेचोका प्रत्येक कक्षामा उत्तिर्ण हुने विद्यार्थीहरूलाई वेलुवनाराम विहार परियत्ति केन्द्रको आयोजनामा आयोजित एक कार्यक्रममा पुरस्कार तथा प्रमाण पत्र वितरण गरिएको समाचार प्राप्त भएको छ।

अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष बुद्धघोष महास्थविरको सभापतित्वमा संचालित उक्त कार्यक्रम महामहिम राजदूत पामेला जे.डिन (Mrs. Pamila j. Dean) को प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो।

## बेनीमा चैत्य उद्घाटन

म्याग्दी, बेनी। २०५७ बैशाख २९ गते।

२५४४ औं बुद्ध पूर्णिमाको उपलक्षमा सुदूर पश्चिम म्याग्दी बेनीको खोरिया भन्ने ठाउँमा म्याग्दी बौद्ध संघद्वारा निर्मित बौद्ध चैत्यको बौद्ध परम्परा अनुसार नेपालका श्रद्धेय जेष्ठ एवं संघनायक भिक्षु अनिरुद्ध महास्थवीरले उद्घाटन गर्नुभयो। आफ्ना पूज्य पिता स्व. तुलबहादुर शाक्य र माताहरूका पुण्य स्मृतिमा पुत्र पुण्यबहादुर शाक्यले बौद्ध विहार तथा चैत्य निर्माणार्थ दान दिएको १ रोपनी २ आना जग्गामा श्रद्धेय भिक्षु अश्वघोष महास्थवीरले केही वर्ष पूर्व बुद्ध पूर्णिमाको उपलक्षमा शिलान्यास गर्नु भएको थियो।

रु. १ लाख ५० हजार खर्च गरी म्याग्दी बेनीका यन्जन लाल शाक्यले बनाउनु भएको उक्त चैत्यको लागि मैत्री संघ पोखराले चैत्यको पित्तले गजुरका साथै चैत्यमा स्थापित तामाका मूर्तिहरू र केही नगद उपलब्ध गराएको थियो।

उक्त कार्यक्रममा आफ्ना पिता मोतिलाल सार्कीको पुण्य स्मृतिमा बाग्लुङ्ग निवासी छोरा भविलाल सार्की र बुहारी विष्णुमती सार्कीले रु. २५ हजार खर्च गरी निर्माण गरि दिनु भएको मंगलघाट मोटर बाटो देखि बौद्ध चैत्य सम्मको सिंढीबाटोको म्याग्दीका सांसद थममाया थापाले समुद्घाटन गर्नु भयो।

म्याग्दीका प्रमुख जिल्ला अधिकारी विष्णु प्रसाद अर्यालले दीप प्रज्ज्वलन गरी सुभारम्भ गर्नु भएको उक्त कार्यक्रममा बौद्ध परम्परा अनुसार पूजापाठ र भिक्षुहरूबाट परित्राण पाठ गरिएको थियो। भिक्षु पञ्ञामूर्ति, भिक्षु भद्दिय, भिक्षु धर्मसागर र भिक्षु संघरक्षित आदिको उपस्थिती रहेको उक्त समारोहमा संघका सचिव याम शाक्यले कार्यक्रम संचालन गर्नुभएको थियो। त्यसरी नै संघका सल्लाहकार नैनकुमार श्रेष्ठले स्वागत मन्तब्य ब्यक्त गर्नुभएको थियो भने अध्यक्ष प्रकाश श्रेष्ठले धन्यवाद ज्ञापन गर्नु भएको थियो। उक्त समारोहमा काठमाडौं, पोखरा, बागलुङ्ग र पर्वत कुश्माका उपासक उपासिकाहरूका साथै बाटो निर्माण गरिदिनुहुने भविलाल सार्कीका परिवारको पनि सक्रिय सहभागिता रहेको थियो।

## बौद्ध जनजाती जागरण प्रशिक्षण शिविर

नवलपरासी स्थित दुम्किवासमा नेपाल मगर बौद्ध सेवा समाज र हिमालयन बुद्धिष्ट एजुकेशन फाउण्डेशनको संयुक्त तत्त्वावधानमा संचालित ६ दिने बौद्ध जनजाती जागरण प्रशिक्षण शिविरको भिक्षु सुशीलले दीप प्रज्वलन गरी उद्घाटन गर्नु भएको समाचार छ।

नवलपरासी जिल्लाका चारवटा क्षेत्रका ६० जवान प्रशिक्षार्थीहरू सहभागी भएको उक्त कार्यक्रममा नेपाल मगर संघका उपाध्यक्ष मीना राना मगरले स्वागत भाषण गर्नुभएको थियो। हर्ष मुनि शाक्य, विपेन्द्र

Downloaded from http://www.dhamma.digital

महर्जन, देवकाजी शाक्य र तेजबहादुर थापा मगर आदिले शुभकामना व्यक्त गर्नु भएका थिए। रिमबहादुर श्रीस मगरको सभापतित्त्वमा यामबहादुर मर्स्याङ्गी मगरले संचालन गर्नुभएको उक्त कार्यक्रमको भानुभक्त मा.वि.मा समापन समारोह सम्पन्न गरिएको थियो।

## बुद्धिष्ट कम्यूनिकेशनको कविता प्रतियोगिता

बुद्धिष्ट कम्यूनिकेशन सेन्टर ललितपुरको आयोजनामा हालसालै प्रज्ञाभवनमा सम्पन्न गरिएको बुद्ध वचन सम्बन्धि कविता प्रतियोगितामा ललित थापा "बैशाखी" प्रथम, हुनु भएको समाचार प्राप्त भएको छ। त्यसरी नै उक्त प्रतियोगितामा कवि धर्म निभा दोश्रो र मोनालिसा प्रधान तेश्रो हुनु भएको थियो। उक्त प्रतियोगितामा विजयी हुने व्यक्तिहरू लगायत सहभागी हुने १५ जवान कविहरूलाई स्वास्थ्य राज्य मन्त्री तीर्थराम डंगोलले पुरस्कार र प्रमाण पत्र प्रदान गर्नुभएको थियो।

भिक्षु बुद्धघोष महास्थविरको सभापतित्त्वमा सम्पन्न भएको उक्त समारोहमा प्रा. नर्मदेश्वर प्रधानले कविता प्रतियोगिताको प्रतिकृया प्रस्तुत गर्नु भएको थियो भने अतिथि कविहरू राजभाई नक:मि, भिक्षु सुशील, कुमारधर शर्मा, "ज्ञानी" लगायतका कविहरूले पनि कविता सुनाउनु भएको थियो। उक्त प्रतियोगितामा कृष्ण कुमार प्रजापति, सुनिल बज्राचार्य, कमल प्रसाद भट्टराई, केशरी बज्राचार्य, दुर्गा प्रसाद प्राखिन आदिले आ-आफ्नो कविता सुनाउनु भएका थिए।

## चीनको बौद्ध विद्वानको देहावसान

चीनको "बुद्धिष्ट एशोसियसन अफ चाइना" का भूतपूर्व अध्यक्ष डा. चुओ मू चु को ९३ बर्षको उमेरमा देहावसान भएको समाचार छ।

दिवंगत चू बौद्ध धर्मका विभिन्न संस्थामा काम गरिसक्नु भएको ब्यक्तित्त्व हुनुको साथै चीनिया बौद्ध नेता, कवि र बौद्ध बिद्वान पनि हुनुहुन्छ। विश्व बौद्ध सम्वन्धमा ऐक्यवद्धता, शान्ति, अहिंसा, नि: शस्त्रीकरण र भातृत्त्व कायम राख्नका लागि उहाँले थुप्रो योगदान दिनु भएको कुरा बुझिएको छ। उहाँको कविता संग्रह र बौद्ध प्रश्नोत्तरका पुस्तकहरू पनि प्रकाशित भएका छन्।

उहाँको दु:खद निधन प्रति 'धर्मकीर्ति'ले उहाँको पूण्य स्मृतिमा संसारको अनित्य स्वभाव स्मरण गर्दै श्रद्धाञ्जली ब्यक्त गर्दछ।

(बुद्ध पूर्णिमा महोत्सव समाचार क्रम... ...)

**चैनपुर।**

०५७ बैशाख (२९-५) श्री बोधिसत्त्व विहारमा श्री चन्द्र ज्योती शाक्यको संयोजकत्त्वमा साप्ताहिक कार्यक्रम संचालन गरी भव्य रुपमा बुद्धपूर्णिमा महोत्सव सम्पन्न गरिएको समाचार प्राप्त भएको छ। उक्त साप्ताहिक कार्यक्रममा ध्यान, हाजिरी जवाफ प्रतियोगिता, शील प्रार्थना, बुद्ध पूजा, ज्ञानमाला भजन, कविता पाठ, नगर परिक्रमा, सरवत दान, बृक्षारोपण, विरामीहरूलाई बिस्कुत दान, बालबालीकाहरूलाई कल्पबृक्ष दान, साहित्य गोष्ठी र "आजको युगमा शान्तिको अपरिहार्यता" बारे वक्तृत्त्व कला कार्यक्रम आदि संचालन गरिएका थिए।

हाजिरी जवाफ प्रतियोगितामा पहिला, दोश्रा र तेश्रा हुने समूहरू क्रमश: यसरी थिए-

(१) बुद्ध टोली (२) धर्म र संघ टोली (३) रत्न टोली आदि।

कविता प्रतियोगितामा प्रथम विष्णुमाया तामाङ्ग, दोश्रो सचीन भण्डारी र संगीता शाक्यलाई श्रोतावर्गबाट रु. ५० नगद प्रदान गरेका थिए। त्यस्तै वक्तृत्त्व कलामा विपिन र अमीर शाक्य क्रमश: प्रथम र दोश्रो भएका थिए।

काठमाडौंबाट आउनु भएका बरदेश मानन्धर र तारा महर्जनहरूको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा बरदेश मानन्धरले भगवान बुद्धको गुणलाई २५४४ वर्ष नाघि सक्दा पनि अहिले सम्म मानिसहरूले जोश र जाँगरका साथ श्रद्धा र भक्ति गरिरहेका छन्। यसको मुख्य कारण बुद्ध शिक्षा सबैको लागि लाभ प्रद भएकोले नै हो भन्नुभयो। यसै क्रममा अर्को अतिथी तारा महर्जन, चन्द्र ज्योती शाक्य, शुधन शाक्य, सुमना शाक्य, प्रमोद शाक्य, रेयुकाइका शिवुचो रणहाङ देवान, लव श्रेष्ठ, दिलकुमारी, भक्त बहादुर तामाङ्ग, टीकालक्ष्मी, गंगा शाक्य, नारायण घिसिङ्ग, आदि वक्ताहरूले पनि आ-आफ्नो मन्तब्यहरू ब्यक्त गर्नु भएका थिए।

स्वर्गिय ललितमान शाक्यज्यूको पुण्य स्मृतिमा उहाँका सुपुत्रहरूले रु. ५०१/- विहारलाई दान दिइयो।

त्यस्तै स्व. अष्टराज बज्राचार्यको पुण्य स्मृतमा उहाँका परिवारबाट आजीवन सदस्य वापत रु १०५/- प्रदान गरियो।

श्री देवेन्द्र शाक्यबाट ठूलो खालको बत्ति बाल्ने दीयो दुईवटा विहारलाई प्रदान गर्नु भएको थियो।

मुद्रक : न्यू नेपाल प्रेस प्रधान कार्यालय : नक्साल, नागपोखरी, पोष्ट बक्स : ८९७५ इ.पि.सी. ५४१४, काठमाडौं, नेपाल। फोन : ४३४८५०, ४३४७५३
व्यापारिक कार्यालय : शुक्रपथ, न्यूरोड, काठमाडौं फोन : २४१०३२, २४९४५०, फ्याक्स : (९७७-१) २४८६७८

Downloaded from http://www.dhamma.digital